मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक १६४ | २०८० साल वैशाख १३ गते बुधबार | Wednesday 26, Apr. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## प्रधानमन्त्रीको भारत भ्रमण एजेन्डा

### *रक्सौल-काठमाडौँ रेलमार्गको प्रतिवेदन तयार*



**मधेशदृष्टि**
**वीरगंज, १२ वैशाख ।**
भारतले काठमाडौँ-रक्सौल अन्तरदेशीय रेलमार्गको 'फाइनल लोकेसन सर्भे' प्रतिवेदन तयार भएको जानकारी गराएको छ ।

योसँगै प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्डको आसन्न भारत भ्रमणमा काठमाडौँ जोड्ने गरी नयाँ रेल लाइन निर्माणको विषयले प्रवेश पाउने भएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय स्रोतका अनुसार अब प्रधानमन्त्रीको भारत भ्रमणमा रुट, लागत र इन्जिनियरिङसहितको अध्ययन प्रतिवेदनका आधारमा रेलमार्गको निर्माण अघि बढाउन नेपालले प्रस्ताव गर्नेछ । परियोजनालाई अघि बढाउन लगानी मोडालिटी र प्रविधिको विषयमा ठोस सहमति गर्न प्रयास हुने अधिकारीहरु बताउँछन् ।

भारत भ्रमणका समयममा नै रेलमार्गको निर्माण अघि बढाउन भारतसँग आग्रह हुने र भारत तयार भए उच्चस्तरमै समझदारी समेत हुनसक्ने अधिकारीहरु बताउँछन् । भारत सरकारले काठमाडौंसम्म रेलमार्ग निर्माणको विषयलाई उच्चतम् महत्व दिएको र भौगोलिक हिसावले केही जटिल भएपनि रेलमार्ग निर्माण सम्भाव्य देखिएकाले निर्माण प्रक्रिया सुरु गर्नेबारे कुनै न कुनै समझदारी गर्न जोड दिइएको अधिकारीहरुको भनाइ छ । काठमाडौँ-रक्सौल रेलमार्गको फाइनल लोकेसन सर्भेका लागि २०७८ असोज २२ गते नेपाल र भारतबीच द्विपक्षीय समझदारी (एमओयु) भएको थियो ।

एमओयुअनुसार रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन भारतले आफ्नै खर्चमा भारतीय सरकारी कम्पनीमार्फत तयार गरेको हो । भारतले सम्झौताअनुसार नेपालमै काम गर्न टोली पठाएको थियो । १८ महिनाभित्र यो काम सकाउने लक्ष्य थियो ।

यो रेलमार्गको प्रारम्भिक इन्जिनियरिङ तथा ट्राफिक सर्वेक्षणको रिपोर्ट भारतले नेपाललाई दिइसकेको छ । केआरसिएलले तयार पारेको प्रारम्भिक रिपोर्टअनुसार प्रस्तावित रक्सौल-काठमाडौँ रेलमार्गको लम्बाइ १ सय ३६ किलोमिटर हुने देखिएको थियो । यो रेलमार्ग निजगढ हुँदै खोकनासम्म बनाउन प्रस्ताव गरिएको छ । प्रस्तावित रेलमार्गको करिब ४० किलोमिटर खण्डमा सुरुङ रहने र साना-ठूला गरी करिब ३५ वटा पुल पनि बनाउनुपर्ने देखिएको छ । भारतले रेलमार्ग ब्रोडगेज प्रविधिमै बनाउने गरी अध्ययन गरेको हो । सरकारले देशभर बन्ने रेल्वे लाइन स्टान्डर्ड गेजमा बनाउने नीति लिएको छ ।

भारत जोड्ने रेलमार्ग पनि स्टान्डर्ड गेजमै बनाउन उपयुक्त हुने विज्ञहरुको सुझाव भए पनि भारतले स्टान्डर्ड गेज प्रविधि र प्राविधिक विज्ञता आफूसँग नभएको भन्दै रक्सोल-काठमाडौँ रेलमार्ग ब्रोडगेज प्रविधिमा बनाउनुपर्ने अडान लिएर त्यसैमा आधारित अध्ययन गरेको हो ।

प्रधानमन्त्रीको भारत भ्रमणले भारतसँग विद्युतीय अन्तर्देशीय रेलमार्ग निर्माणका लागि थप समझदारी बनाउन सहयोग गर्ने अधिकारीहरु बताउँछन् ।

## उपेन्द्र जित नजिक



**मधेशदृष्टि**
**वीरगंज, १२ वैशाख ।**
बारा-२ को मतगणनाको पछिल्लो परिणाम अनुसार जसपाका अध्यक्ष उपेन्द्र यादव जितको पुगेका छन् ।

आइतबार सम्पन्न उपनिर्वाचनको पछिल्लो मतगणनाको परिणाम अनुसार जसपाका अध्यक्षसमेत रहेका यादवले २३ हजार २ सय ७५ मत प्राप्त गरेका छन् ।

निकटतम प्रतिद्वन्द्वी रहेका जनमत पार्टीका शिवचन्द्र कुशवाहले २० हजार ४ सय २२ मत पाएका छन् । त्यस्तै, नेकपा एमालेका पुरुषोत्तम पौडेलले ६ हजार ९ सय ४१ मत प्राप्त गरेका छन् ।

अर्का उम्मेदवार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का रमेश खरेलले २ हजार ८ सय ५३ मत प्राप्त गरेका छन् । अब पचरौता ९ वटा वडाको १३ हजार पाँच सय ९९ मत गणना गर्न बीक छ ।

यो एमालेले जितेको पालिका हो । यसैबीच बारा २ का उम्मेदवार एवम् जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले जारी मतगणनाको प्रारम्भिक नतिजाको विषयमा अहिले हतासमा प्रतिक्रिया दिने बेला नभएको बताएका छन् ।

## पालिकाका दुई दर्जन जनप्रतिनिधि र कर्मचारीविरुद्ध मुद्दा



**मुकेश कुमार यादव**
**सिरहा, १२ वैशाख ।**
मधेश प्रदेशका स्थानीय तहमा हुने संस्थागत भ्रष्टाचारको तथ्य बाहिरिएको छ ।

लक्ष्मीपुर पतारी गाउँपालिकाका पूर्व जनप्रतिनिधि र कर्मचारीसहित दुई दर्जनविरुद्ध एकैपटक भ्रष्टाचार कसुरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरेपछि तथ्य सार्वजनिक भएको हो ।

आयोगले लक्ष्मीपुर पतारी गाउँपालिकाका पूर्वअध्यक्ष रामबल्लव साह, उपाध्यक्ष आशादेवी यादव, तत्कालीन प्रशासकीय प्रमुखहरु रविन्द्र कुमार महत, धनिकलाल यादव र सुजित यादवउपर दिनै नमिल्ने ३१ लाख ७४ हजार ४ सय ६७ रुपैयाँ दिएको विषयमा संलग्न रहेको भन्दै सजाय र बिगो बमोजिमको जरिवाना मागसहित आरोपपत्र दायर गरेको छ ।

विभिन्न निर्माण कार्यको भुक्तानी दिनै नमिल्ने रकम भुक्तानीका विषयमा सजाय र बिगो बमोजिमको जरिवानामाग सहित आरोपपत्र दायर गरेको हो ।

लक्ष्मीपुर पतारी गाउँपालिका-४ स्थित धन्छुवारको पश्चिम कटनिया नयाँ नदीमा कल्भर्ट निर्माणका लागि आव २०७५/७६ र २०७६/७७ मा विनियोजन भएको रकमबाट सामान्य रुपमा निर्माण कार्य गरी ठूलो रकम भ्रष्टाचार गरेको आरोप पत्रमा उल्लेख छ । निर्माण कार्य समयमै सम्पन्न नगरी बीचमै अलपत्र छाडेको र भएको कामसमेत न्यून गुणस्तरको सामग्री प्रयोग गरेको दायरपत्रमा उल्लेख छ ।

आव २०७६/७७ बाट सोही कल्भर्ट निर्माणका लागि अर्को उपभोक्ता समितिबाट निर्माण गराउँदा पनि भौतिक संरचना बेकम्मा भई हाल थप कार्य गरी संरचना पूर्णसमेत गर्न नसकिने अवस्थामा भुक्तानी गर्न नमिल्ने पाँच लाख २८ हजार ४ सय ४० रुपैयाँ भुक्तानी दिइएको उल्लेख छ ।

सोही स्थानमा आव २०७६/७७ मा लक्ष्मीपुर पतारी गाउँपालिकाअन्तर्गत विद्यानगर, पतारी, धन्छवार, सीतापुर सडक खण्डमा दुई थान कल्भर्ट निर्माण तथा माटो ग्राभेल योजनाको लागि साविक मधेश प्रदेश सरकारबाट सशर्त अनुदान रकम विनियोजन भएको थियो । आव २०७५।७६ मा आंशिकरुपमा निर्माण भएको कल्भर्टको बाँकी भाग बनाउने योजनाको निर्माण गर्न लक्ष्मीपुर पतारी गाउँपालिकाबाट उतिमलाल मण्डल अध्यक्ष रहेको उपभोक्ता समितिले निर्माण जिम्मा लिएको थियो ।

अघिल्लो आव २०७५/७६ मा डिजाइन नगरी ड्रोइङका आधारमा सञ्चालन भएको वडा नम्बर ४ स्थित धन्छवारको पश्चिम कटनिया नयाँ नदीमा पुल निर्माण योजनामा पुनः डिजाइनसमेत नगरी ड्रोइङ परिवर्तन गरी तोकिएको मितिमा योजना सम्पन्न गरेको थियो । दुवै

- *बाँकी पृष्ठ २ मा*

## कहाँबाट छ यस्ता हवल्दारलाई संरक्षण ?



**मधेशदृष्टि**
**जनकपुरधाम,१२ वैशाख ।**
नक्कली प्रहरी बनेर आम सर्वसाधारण तथा व्यापारी ठग्ने धन्दा अनि तिनलाई प्रहरीले पक्राउ गरेका बारेमा त समाचार पढ्नु भएकै होला तर एक जना तल्लो दर्जाका प्रहरीले आफूलाई उपल्लो दर्जाको प्रहरी हुँ भन्दै तस्कर र व्यापारीसँग पैसा असुल्ने गरेको कथा भने बिरलै सुन्नमा आउँछ । हो, त्यस्तै सत्य कथाका पात्र हुन नेपाल प्रहरीका हवल्दार महेन्द्र प्रसाद महतो उर्फ एमपी राज महतो ।

सामाजिक सञ्जाल फेसबुक र साथीभाइहरु बीच एमपी राज महतोका नामले परिचय बनाएका प्रहरी हबल्दार महतोको यहाँ चर्चा गर्न लागिएको हो । नेपाली पात्रो 'सन्तान थरी थरीका' भने झैं यिनले आफूलाई प्रहरी इन्स्पेक्टरको रुपमा तस्कर र व्यापारी माझ चिनाउने गरेका छन् । हालसालै त उनले आफूलाई डीएसपी समेत भन्न भ्याएको जनकपुरधाम गणका एकजना डीएसपीले सुनाउँदै थिए ।

धनुषा जिल्ला प्रहरी कार्यालयमा दरबन्दी भएपनि उनी लामो समयदेखि संघीय प्रहरी कार्यालय जनकपुरधाममा काजमा कार्यरत छन् । कारण ठेकिएको दरबन्दीमा जाँदा प्रहरी हबल्दारको ड्रेस लगाउनु पर्ने डर उनलाई छ ।

प्रहरी स्रोतका अनुसार महतोले हबल्दारमा बढुवा भएदेखि प्रहरीको ड्रेस लगाएका छैनन् । ठाँटबाँटका साथ झिल्के

- *बाँकी पृष्ठ २ मा*



# ६० प्रतिशत भन्दा बढी पाठ्यपुस्तक वितरण

**मधेशदृष्टि**
**जनकपुरधाम**, १२ **वैशाख ।**
गत वर्षहरुमा महिनौं सामुदायिक विद्यालयका विद्यार्थीले पुस्तक नपाउने अवस्था रहेकामा चालु वर्षमा शैक्षिक सत्र सुरुलगत्तै हातहातमा पुस्तक पुगेको छ।

नयाँ शैक्षिक सत्र सुरुवातमै मधेश प्रदेशका जिल्लामा ६० प्रतिशतभन्दा बढी पाठ्यपुस्तक जनक शिक्षा सामग्री केन्द्रले वितरण गरिसकेको छ।

मधेश प्रदेशका ७ जिल्ला र ओखलढुंगा, खोटाङ, उदयपुर तथा सिन्धुलीमा चैत २६ गतेदेखि केन्द्रले पाठ्यपुस्तक वितरण गरिरहेको छ।

पहिलो चरणमा चैत २६ देखि वैशाख ९ गतेसम्म कक्षा ५ सम्मको पाठ्यपुस्तक वितरण गरिसकिएको र दोस्रो चरणमा कक्षा ६ देखि १० सम्मको पाठ्यपुस्तक आइसकेकाले वैशाख १० गतेदेखि नै वितरण जारी रहेको जनक शिक्षाका जनकपुरधामका प्रमुख रुद्र खनालले बताए।

केन्द्रले यसवर्ष कार्यालयबाट १६ लाख ३२ हजार पुस्तक वितरण गर्ने लक्ष्य राखेकोमा वैशाख ११ गतेसम्म १० लाख ८२ हजार २ सय ३४ पुस्तक वितरण भइसकेका जानकारी दिँदैं प्रमुख खनालले कार्यालयमा २ लाख १८ हजार १ सय ९३ थान पुस्तक मौज्दात रहेकामा ३ लाख ३१ हजार ५ सय ७३ थान पुस्तक अझै आवश्यक रहेको प्रमुख खनालले जानकारी दिए।

उनी भन्छन, 'सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना



अभियान सञ्चालन भइरहँदा जनक शिक्षा सामग्री केन्द्रले समयमै पाठ्यपुस्तक बाँड्न कार्य सुरु गरेकाले विद्यार्थीलाई पठनपाठनमा सहज हुनेछ।'

जनकपुरधाम-४ स्थित श्रीसंकट मोचन देवशरण रामरती उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापक बलिराम साहले भने, 'गत वर्षहरुमा असारसम्म पाठ्यपुस्तक नपाउने अवस्था थियो, तर यसवर्ष चाहिं शैक्षिक सत्र हुनु अगावैदेखि पाठ्यपुस्तक उपलब्ध गराउने कार्य भइरहेकामा खुशी लागेको छ।' उनले भने, 'पुस्तकहरु मगाएको छु भोलिदेखि नामांकन हुने प्रत्येक विद्यार्थीको हातमा पुग्नेछ, बांकी पुस्तक पनि चाँडै मगाउनेछु।'

यस्तै, जनकपुरधाम-७ स्थित श्रीरामजानकी माध्यमिक विद्यालयका प्रधानाध्यापक लट्टु साहले भने, 'हामीले त एकसाताअगावै पुस्तक मगाइसकेका छौं, कक्षा ४ सम्म नामांकन गराउने प्रत्येक विद्यार्थीलाई पुस्तक बाँडिसकेका छौं, कक्षा ५ देखि १० सम्मको पुस्तकको अर्डर गरिसकेका छौं, त्यो पनि आउने बित्तिकै वितरण गर्नेछौं।' पुस्तक आएलगत्तै चैत २९ गते नै उपमहानगरपालिका कार्यालयले पुस्तक खरीदको पैसा दिइसकेका कारण पुस्तक किन्न झन् सहज भएको उनले बताए। जनक शिक्षा सामग्री केन्द्रको मधेश प्रदेश कार्यालयले प्रदेशको बाराबाहेक अन्य ७ जिल्ला र ओखलढुंगा, खोटाङ, उदयपुर तथा सिन्धुलीमा पनि पुस्तक उपलब्ध गराउँदै आएको छ। केन्द्रको मधेस प्रदेशले कक्षा ६ देखि १० सम्मका लागि आवश्यक पाठ्यपुस्तक आइसकेको जनाएको छ। पाठ्यपुस्तक परिवर्तन भएका सामाजिक, विज्ञान र स्वास्थ्य विषयका पुस्तक आउने क्रममा रहेको प्रमुख खनालले बताए।

ती जिल्लाका व्यवसायीले आफ्नो व्यवसायलाई पाठ्यक्रम विकास केन्द्रमा सूचीकृत गरिसकेको र अन्य पनि सूचीकृत तथा नवीकरण हुन आउने क्रम जारी रहेको उनले बताए। आगामी शैक्षिक सत्रबाट कक्षा १२ को पुस्तक पनि जनक शिक्षाले नै वितरण गर्नेछ। सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका लागि यस केन्द्रले पुस्तक पुऱ्याउँछ भने संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई निजीक्षेत्रले पुस्तक उपलब्ध गराउँदै आएको छ।

बाँकी पुस्तक वितरणको लक्ष्य कक्षा ६ को २ लाख ९२ हजार पुस्तक बिक्री गर्ने लक्ष्य रहेकामा हालसम्म १ लाख ९९ हजार २ सय २३ बिक्री भइसक्दा ६५ हजार ३ सय ६२ थान पुस्तक अझै आवश्यक छ। केन्द्रसँग हाल कक्षा ६ को २७ हजार ४ सय १५ थान पुस्तक मात्र मौज्दात छ। कक्षा ७ का लागि २ लाख ९२ हजार पुस्तक बिक्री गर्ने लक्ष्य राखेकोमा हालसम्म २ लाख २ हजार ६२ पुस्तक बिक्री भइसकेको र ३६ हजार ३ सय ३१ पुस्तक अझै आवश्यक छ। केन्द्रसँग कक्षा ७ को ५३ हजार ६ सय ७ थान पुस्तक मौज्दात छ। कक्षा ८ को ३ लाख ७० हजार पुस्तक बिक्री गर्ने लक्ष्य रहेकामा वैशाख ११ गतेसम्म २ लाख ३६ हजार ३ थान पुस्तक बिक्री भइसकेको र १ लाख २३ हजार ४ सय ७६ थान अझै आवश्यक छ। केन्द्रसँग कक्षा ८ को १० हजार ५ सय २१ थान पुस्तक मौज्दात छ। त्यस्तै, कक्षा ९ को ३ लाख १९ हजार १ सय थान पुस्तक बिक्री गर्ने लक्ष्य रहेकामा २ लाख १६ हजार ४ सय ९८ थान बिक्री भइसकेका छन्। केन्द्रलाई २७ हजार ५५ पुस्तक अझै आवश्यक रहेकामा ७५ हजार ५ सय ४७ थान मौज्दात बाँकी रहेको देखिन्छ।

कक्षा १० को ३ लाख ५ सय ९८ हजार ९ सय थान पुस्तक बिक्री गर्ने लक्ष्य रहेकामा २ लाख २८ हजार ४ सय ४८ थान पुस्तक बिक्री भइसकेका छन्। केन्द्रसँग ५१ हजार १ सय ३ थान पुस्तक मौज्दात रहँदा ७९ हजार ३ सय ४९ थान पुस्तकको अझै आवश्यक रहेको प्रमुख खनालले जानकारी दिए।

# आगलागीबाट दुईलाखको क्षति

**विनय कर्ण**
**सप्तरी**, १२ **वैशाख ।**
खडक नगरपालिका वडा नम्बर १० स्थित फुलबरिया टोलमा मंगलबार आगलागी हुँदा लाखौंको धनमाल जलेर नष्ट भएको छ। स्थानिय मो.कासिम मियाँको टिनको छानो भएको घरमा अचानक आगलागी हुँदा घरसँगै अन्नपात, लत्ताकपडा, भाँडावर्तन, सरसमान जलेर नष्ट हुँदा एक लाख ६० हजार रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। यसैगरी, सोही आगलागीमा मो.जाकिर मियाँ, मो.जयाउल मियाँ र मो. रियाजुल मियाँ गरी तिनै जना दाजु भाईको सगोलमा रहेको गोठघरमा समेत आगो लागेर नष्ट हुँदा पचास हजार रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता नरेशकुमार सिंहले जानकारी दिए।उता, खडक नगरपालिका-४ स्थित पूर्व-पश्चिम राजमार्गको अमाह पुलमा मंगलबार ब्याट्री पडकेर कारमा आगो लागेको छ। रुपनीबाट कडरबोनामा जन्ती लिएर जाँदै गरेको बा १६ च ३२६८ नम्बरको कारमा ब्याट्री पड्की अचानक आगलगी हुँदा कारको अगाडि इन्जिनको भागमा क्षति भएको छ।

# अपहरणमा संलग्न दुई पक्राउ

**मधेशदृष्टि**
**वीरगंज**, १२ **वैशाख ।**
रौतहटमा युवक अपहरण गरेको आरोपमा प्रहरीले सर्लाहीबाट २ जनालाई पक्राउ गरेको छ। शनिबार रौतहटको परोहा नगरपालिका वडा नम्बर ३ तेजापाकड बस्ने ३० वर्षीय राजकुमार महतो अपहरणमा परेका थिए।

उनको उद्धार गर्दै प्रहरीले अपहरणमा संलग्न आरोपमा रौतहटकै राजदेवी नगरपालिका-६ मोहनपुर घर भएका २१ वर्षीय राजा भनिने राजाबाबु पटेल र २३ वर्षीय दीपेश भनिने मन्त्रीबाबु रायलाई पक्राउ गरेको हो। पटेल र रायविरुद्ध रौतहट जिल्ला अदालतबाट म्याद थप गरेर अपहरण, शरीर बन्धक तथा ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी निरीक्षक दिनेशबहादुर कुँवरले जानकारी दिए।

घटना विवरणअनुसार शनिबार रायले महतोलाई केही सल्लाह गर्नु छ भन्दै घरमा बोलाएका थिए।

उनले सर्लाहीको बलारामा घर बनाउने काम देखाउँदै एक रक्सी भट्टीमा पुऱ्याएका थिए। ८/९ जनाको समूहले महतोलाई हातखुट्टा बाँधेर पेस्तोल देखाउँदै कुटपिट गरी पीडित परिवारसँग फिरौतीबापत ४ लाख रुपैयाँ मागेका थिए। घटनाको सूचना पाएलगतै रौतहट प्रहरीले युवकको खोजतलास गर्दा उनलाई नेपाल-भारत सीमा क्षेत्रमा पर्ने सर्लाहीको बलरामा फेला पारी अपहरणमुक्त गरेको थियो। पीडितलाई बन्धक बनाएर भारततर्फ लैजाँदै गरेका ९ जनाको समूहमध्ये प्रहरीले २ जनालाई पक्राउ गर्न सफल भएको र अन्यको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

# विन्दवासिनीमा भर्ना अभियान जारी

**मधेशदृष्टि**
**वीरगंज**, १२ **वैशाख ।**
विद्यार्थी भर्ना अभियान अन्तर्गत मंगलबार विन्दवासिनी गाउँपालिकाको वडा नम्बर १ र २ मा घरदैलो कार्यक्रम तथा ऱ्याली निकालिएको छ।

नेपाल राष्ट्रिय माध्यमिक विद्यालय गर्दौलको आयोजनामा ५ सय ५० भन्दा बढी विद्यार्थीको सहभागितामा भर्ना अभियान अन्तर्गत ऱ्याली निकालिएको विद्यालयका प्रधानाध्यापक रामचन्द्र प्रसाद यादवले जानकारी दिए।

ऱ्यालीमा गाउँपालिकाका वडा नम्बर १ का अध्यक्ष अच्छेलाल महतो, २ का मुक्ती राउत कुर्मी, नेपाल शिक्षक महासंघ विन्दवासिनीका अध्यक्ष धर्मेन्द्र कुमार चौबेलगायत विद्यालयका शिक्षक, कर्मचारीको सहभागिता थियो। 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा, सबैको अभियान' भने नाराका साथ ऱ्याली निकालिएको प्रधानाध्यापक यादवले बताए।


# रकम दिंदा पनि दु:ख दिने पक्राउ

**मधेशदृष्टि**
**वीरगंज**, १२ **वैशाख ।**
ठगी र विश्वासघात गरेको आरोपमा सिरहाको गोलबजार नगरपालिका-४ का पप्पुकुमार साह पक्राउ परेका छन्। साहलाई घरबाटै पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी तथा प्रवक्ता रविन्द्रराज पाण्डेले बताए। ठगीमा संलग्न अन्य तीन फरार छन्। सिरहाको धनगढीमाई नगरपालिका-३ मा सञ्चालित मोडेल कृषि फर्म प्रालिका सञ्चालक सन्जीव कुमार साहले पप्पुबाट १ करोड रुपैयाँ लिएका थिए। रुपैयाँ लिए वापत उनले पप्पुलाई खाली चेक र १ करोड ८० लाखको कपाली गरिदिएका थिए। आफूले दुई महिनामै १ करोड ६४ लाख रुपैयाँ फिर्ता गरिदिएको सन्जीवले प्रहरी समक्ष बयान दिएका छन। कपाली र चेक फिर्ता गर्न नमानेर उल्टै चेक बाउन्स गरी बैकिङ कारोबार रोकाइदिएपछि विक्रम साहमार्फत थप २४ लाख रुपैयाँ तिरेको सन्जीवको दाबी छ। आफूले पटकपटक गरी २ करोड २१ लाख रुपैयाँ तिरिसकेको भए पनि अझै कपाली र चेक फिर्ता नगरेको सञ्जीवको आरोप छ। जिल्ला प्रशासन कार्यालय सिरहामा उजुरी दिएपछि छलफल भएको र पैसा तिरिसकेपछि पनि काजगात नपाएपछि न्यायका लागि ठगी र विश्वाघातमा मुद्दा दर्ता गरेको पीडितले बताए।

# भ्राको स्मृतिमा शिक्षा पुरस्कार

**मधेशदृष्टि**
**वीरगंज**, १२ **वैशाख ।**
साहित्यकार तथा संस्कृतिविद् प्राज्ञ धीरेन्द्र प्रेमर्षि र साहित्यकार-सञ्चारकर्मी रूपा झाले पिता पण्डित कृष्णलाल झाको स्मृतिमा सामुदायिक विद्यालयको शिक्षण तथा शैक्षणिक उन्नयनमा उल्लेख्य योगदान पुऱ्याउने शिक्षासेवीलाई वर्षेनी पुरस्कृत गर्ने गरी पुरस्कार स्थापना गरेका छन्। जेठा छोरा अक्षेन्द्र झाको जन्मदिन (वैशाख १२ गते) का उपलक्ष्यमा छोराद्वारा नै राखिने अक्षय कोषबाट प्रदान गर्नेगरी वार्षिक ५१ हजार रुपैयाँको 'पण्डित कृष्णलाल झा स्मृति शिक्षा पुरस्कार' स्थापना गरिएको प्राज्ञ प्रेमर्षिले जानकारी दिए।

२००४ सालमा स्थापित भइ नेपालको पूर्वाञ्चल क्षेत्रमै उल्लेख्य शैक्षणिक प्रतिष्ठानका रूपमा सुपरिचित सिरहास्थित बस्तीपुर माध्यमिक विद्यालयका



संस्थापक शिक्षकमध्येका एक पण्डित कृष्णलालले विद्यालयमा अविच्छिन्नरूपमा सबैभन्दा लामो समय शिक्षण गरेका थिए। शिक्षासेवी झाको स्मृति दिवसका दिन बस्तीपुर (सिरहा) स्थित उनले अध्यापन गरेको विद्यालय परिसरमै पुरस्कार समर्पण समारोह गरिने जानकारी दिइएको छ। बस्तीपुर माविबाट एसईई परीक्षामा सर्वोत्कृष्ट नतिजा प्राप्त गर्ने एकजना छात्र/छात्रालाई ११ हजार रुपैयाँको कृष्णानन्दी प्रोत्साहन पुरस्कार वा सोही विद्यालयमा कक्षा ११-१२ अध्ययन गर्न चाहने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने बताइएको छ। झाकी धर्मपत्नी आनन्दीदेवी झा प्रमुख संरक्षक र जेठा छोरा राजेन्द्र झा संरक्षक रहेको पुरस्कार कोष सञ्चालनका लागि प्राज्ञ प्रेमर्षिको अध्यक्षतामा बस्तीपुरका प्रबुद्ध व्यक्तित्व कुमुदरञ्जन बराल, शेखर गिरी, डा. रेणु अधिकारी, धर्मेन्द्र झा 'विह्वल', गोविन्द यादव, जुगुत राम, राकेश रेग्मी र रूपा झा सदस्य तथा देवेन्द्र झा, योगेन्द्र झा, वीरेन्द्र झा, महेन्द्र झा, जीतेन्द्र झा, विमला झा र विभा झा सल्लाहकार रहेको समिति बनाइएको छ।

## कहाँबाट छ यस्ता......

भएर हिँड्ने उनी कहिले रारा पुग्छन् त कहिले मुगु, अनि कहिले बर्दिया राष्ट्रिय निकुञ्ज। प्रहरीका हाकिमहरूसँग बाक्लो उठबस, फोटो सेसन अनि आईजी, एआईजी र डीआईजीसँग फोन गरेर अरूलाई देखाउने, तर्साउने अनि प्रभावित पार्ने उनको वर्षौंदेखिको धन्दा हो।

सिपाहीका रुपमा उत्तम सुवेदी धनुषाको एसपी हुँदा घुमुवा रहेका महतोको सेक्स स्क्याण्डल बाहिरिएपछि केही समय नुवाकोट खेदिनु परेको थियो। बिगत ७-८ बर्षदेखि संघीय प्रहरी कार्यालय जनकपुरधाममा बसेर सिभिलमा घुम्ने उनले १० बर्ष यता प्रहरीको ड्रेस नै नलगाएको बताइन्छ।

प्रहरीका ठूला हाकिमसँग बाक्लो उठबस गर्ने उनले प्रहरीका सिपाही देखि जुनियर अधिकृतसम्मलाई सरुवा बढुवा गराइदिन्छु र काज मिलाई दिने भन्दै पैसा उठाउने गरेका छन्। खास गरी एआईजीबाट हालै अवकाश लिएका उत्तम सुवेदी, आईजीपीबाट अवकाश पाएका धीरजप्रताप सिंह लगायतका हाकिमहरूसँग उनको नजिकको उठबस र उठतीपुठती चल्ने गरेको दावी समाचार स्रोतको छ।

अझ सिंह आईजी हुँदा त उनले मधेशका जिल्लाबाट आईजीका नाममा लाखौं असुलेर आतंक मच्चाएको स्रोत बताउन्छ। हाकिमका नाममा पैसा उठाउने तर अझ सिंह आईजी हुँदा त उनले तराईका जिल्लाबाट आईजीका नाममा लाखौं असुलेर आतंक मच्चाएको स्रोतले जनाएको छ।

हाकिमका नाममा पैसा उठाउने तर थोरै रकम मात्र उनीहरूलाई दिएर धेरै आफैले राख्ने गरेको प्रहरीहरू बीच चर्चा हुने गरेको छ। करिब ९ लाख पर्ने रायल ईन्फिल्ड बाइक चढेर सानका साथ हिँड्ने, कार फेरि फेरि चढ्ने उनको आम्दानीको स्रोत के हो भनेर अन्य प्रहरीदेखि सर्वसाधारण पनि चकित हुने गरेका छन्।

हबल्दार जागीरले त्यो हैसियत कसरी सम्भव हुन्छ ? मूल घर सर्लाही भएपनि उनी जनकपुरधामको मुजेलियामा आलिशान तीन तले घरमा बस्ने गरेका छन्। तर त्यो घर खरिदको आर्थिक स्रोत के हो भन्ने जवाफ कसैसँग छैन्। हालसालै मात्र काठमाडौंमा पनि घडेरी जोडेका उनले अहिले आफूलाई प्रदेश डीआईजीको घुमुवाका रुपमा परिचय दिने गरेका छन्।

तस्कर र व्यापारीहरूलाई नयाँ डीआईजीको घुमुवा आफू नै बस्ने तय भएको भन्दै लाइन मिलाएर पैसा असुल्न थालिसकेको बताइन्छ। अझ आईजीपी बसन्त कुँवरका लागि पनि मधेशमा पैसा उठाउने जिम्मा आफ्नै भएको भन्दै उनले गफ चुट्ने गरेका छन्। त्यसैका लागि उनले अर्का हबल्दार सुरेन्द्र ठाकुरलाई काज दरबन्दी फिर्ता गराइसकेका छन्। ठाकुर रमाना लिएर रातमाटे गण हिँडेका छन्। गफ लगाउन माहिर मानिएका महतोले मधेश प्रदेशका वैध अवैध क्रसर उद्योग, जुवा अखडा तथा गाईगोरु तस्करहरूबाट मोटो रकम महिनावारी हाकिमका नाममा असुल्ने गरेको बताइन्छ। चर्चित गोरु तस्कर शम्भू सिंहदेखि महोत्तरीका ठूला क्रसर व्यवसायी विजय साह, बेतन शर्मासँग उनको पुरानो सम्बन्ध रहेको बताइन्छ। अझ विजय साहसँग त उनको पार्टनरसीप विजनेश नै रहेको आशंका प्रहरीहरुले गर्ने गर्छन।

हरेक साँझ विजयको जनकपुरधामस्थित डिपोमा उनको बसउठ हुने गरेको छ। एकजना प्रहरी भन्छन्, एमपी राजलाई तपाई प्रहरी कार्यालयमा कहिल्यै भेटनु हुन्न, त्यही डिपोमा गयो भने चाहि पक्का भेट हुन्छ। क्रसर व्यवसायी बेतन शर्माको सिराहा, महोत्तरी र धनुषा लगायतका स्थानमा थुप्रै अवैध क्रसर उद्योग निर्वाध चलिरहेका छन्। त्यसको संरक्षण यिनै महतोले गर्ने गरेका छन्। त्यसबाहेक महोत्तरी, सर्लाही र धनुषामा सञ्चालन हुने ठूला जुवाखालबाट ठेक्कामा पैसा असुली पनि यिनै महतोले गर्ने गरेको बताइन्छ।

## पालिकाका दुई दर्जन ......

योजना सम्पन्न भए पनि न्यून गुणस्तरको देखिँदा समेत कल्भर्ट निर्माण कार्यमा राष्ट्रसेवक कर्मचारी तथा उपभोक्ता समितिका पदाधिकारीको मिलेमतो र संलग्नताबाट भुक्तानी नै गर्न नमिल्ने.२६ लाख ४६ हजार २७ रुपैयाँ उपभोक्ता समितिलाई भुक्तानी दिइएको छ। दुवै योजनामा गैरकानुनी ढङ्गले भुक्तानी दिएर भ्रष्टाचार कसुरमा संलग्न देखिएकाले बिगो बमोजिमको जरिवाना गरी बिगो असुलउपर गर्ने तथा जफतको मागदाबी लिई आरोपपत्र दायर गरिएको छ। आयोगले तत्कालीन लेखापाल ईन्द्रकुमार कर्ण, वडा नम्वर ४ का पूर्व वडा अध्यक्ष विद्यानन्द साह र सचिव रामनारायण मण्डलविरुद्ध पनि विशेष अदालतमा मुदा दायर गरेको छ।

त्यसैगरी, उपभोक्ता समितिका अध्यक्ष विष्णुदेव यादव, कोषाध्यक्ष जलास कुमारी दनुवार, सचिव महादेव यादव र कन्सलेन्टेसीका प्रोप्राइटर इन्जिनियर इन्द्रनारायण साहविरुद्ध विशेष अदालतमा आरोप पत्र दायर भएको छ।

वडा नम्वर ३ का तत्कालीन वडा अध्यक्ष हनुमान मण्डल, तत्कालीन लेखापाल नरेश कामत र इन्जिनियर अमन पोखरेलमाथि समेत आरोप पत्र दर्ता भएको छ। सोही योजनाका उपभोक्ता समितिका अध्यक्ष उतिमलाल मण्डल, गीता कुमारी मण्डल र सचिव प्रमेश्वार मण्डल र इन्जिनियर ताराकान्त साहविरुद्ध आरोप पत्र दर्ता भएको छ। त्यसैगरी, योजना शाखा प्रमुख चन्देश्वर प्रसाद यादवसहित २३ जनाविरुद्ध अख्तियारले आरोप पत्र दायर गरेको छ। अख्तियारमा गत आर्थिक वर्षमा स्थानीय तहबाट ३३ दशमलव १ प्रतिशत भ्रष्टाचारको उजुरी परेको थियो।

२४ दशमलव २५ प्रतिशत मधेशका आठ जिल्लाबाट परेको अख्तियारको तथ्याङ्कमा उल्लेख छ। यसले पनि मधेशका स्थानीय तहमा हुने भ्रष्टाचारको अवस्था कहालीलाग्दो रहेको दर्शाउछ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१, | ५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन्। परिवारमा सुख सन्तोष छाउला। नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला। प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ। रमणीय र सुखद् यात्राको योग छ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन्। आत्मबल बढाएर काम गरेमा असफल भइँदैन। वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभदायक यात्रा रहला। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ। परिश्रम गर्दा धनार्जन हुनेछ। कुनै कुराले मनमा शान्ति छाउनेछ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
मनमा दुबिधा उत्पन्न हुनेछ। अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला। आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज गरेको कार्यमा सफलता मिल्नेछ। शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज सुखदु:ख बराबरी मध्यम खालको दिन छ। ठुलो कारोबारमा लगानी नगर्नु। आत्मबल बढाएर काम गरेमा असफल भइँदैन।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज मनमा शान्ति छाउनेछ। अरुलाई प्रभावित पारेर काम बन्नेछ। नसोचेको ठाउँबाट धनागम हुनेछ। नयाँ कामको थालनी पनि हुनेछ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
साना तिना समस्यामा अल्झनुपर्नेछ। स्वास्थ्यमा समस्या आउला। अनावश्यक धन खर्च हुनेछ। महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज विद्या र बुद्धिको विकास हुनेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ।

## सम्पादकीय

# वन पनि बेच्नेहरुका नाममा

पर्साको सखुवापर्सौनी गाउँपालिकास्थित मनवा सखुवनिया वन क्षेत्रमा ६० हेक्टर जग्गा वन कर्मचारीकै मिलेमतोमा बिक्रीवितरण भएको खुलासासँगै वन जोगाउन पर्ने जिम्मा पाएकाहरुबाटै बदमासी भएको घटना बाहिर आएको छ। एकजना पूर्व वन कर्मचारी शशिकान्त ठाकुरले नै यो घटना बाहिर ल्याएका हुन्। वनमा बेइमान गर्नेहरु अरु नभएर वन कर्मचारी नै भएको भन्दै उनले सर्वोच्च अदालतमा समेत रिट हालेर राष्ट्रिय धनलाई तस्करीको कमाइ खाने भाँडोबाट जोगाउन जोखिम मोलेका छन्। यस्ता राष्ट्रवादी नागरिकलाई सबैले नमन गर्न जरुरी छ। ६० हेक्टर जमिन धमाधम चार लाख रुपैयाँ प्रतिकठ्ठा बिक्रीवितरणको घटना बाहिर आएसँगै तस्करीमा संलग्नहरुको भागदौडा पनि सुरु भएको छ। यो घटना कसरी लुकाउने भनेर शक्तिकेन्द्र धाउने काम मंगलबार बिहानैदेखि सुरु भएको खबर आएका छन्।

वडा नम्बर १ मा रहेको वन क्षेत्रमा मानव बस्ती बसाउने काममा वन कर्मचारी त लागे नै त्यहाँका जनप्रतिनिधिले पनि साथ दिएपछि भइरहेको यो बदमासीलाई हामीले बाहिर ल्यायौँ। कतिसम्म बदमासी भइरहेको थियो भने, त्यहाँ कोही बुझ्न जाँदा डर त्रास देखाइ भगाउने काममा तस्करीमा संलग्नहरु लाग्थे। उनीहरुलाई वन कर्मचारीकै साथ थियो। उसो त वनमा वृक्षारोपण गर्ने भनेर त्यहीँका वन कर्मचारीहरुले फेरि लाखौँ रकम पनि हिनामिना गरेका रहेछन्। अतिक्रमित वनमा वृक्षारोपण गर्ने भनेर डिभिजन वन कार्यालय पर्साले ६५ लाख रुपैयाँ खर्च गरिरहँदा वसन्तपुरका रेन्जर सुमन पाण्डेयले १० लाख, अधिकृत रेयाज अहमद अन्सारीले २५ लाख, रेन्जर राजकिशोर प्रसाद उपाध्यायले १८ लाख ७५ हजार रुपैयाँ लगेका रहेछन्। उनीहरुले प्रविधि हस्तान्तरण तथा क्षमता अभिवृद्धि तालिमका नाममा वनसम्बन्धी गोष्ठी, छलफल र अन्तरक्रिया भनेर अरु २ लाख ३० हजार रुपैयाँ पनि लगेर जनताले तिरेको करमा तर मार्ने प्रयास गरेको देखिएको छ। रंगपुर सब डिभिजन वन कार्यालय पर्साका रेन्जर कपिलदेव प्रसाद यादवले १० लाख रुपैयाँ लगेका छन्।

एकातिर वन क्षेत्रको जग्गा मासेर वस्ती बसाइँदा पनि कर्मचारीकै मिलेमतो, अर्कातिर त्यही भूगोल देखाएर वृक्षारोपण, अभिमुखिकरण, तालिम, कार्यशालाका नामा फेरि लाखौँ रुपैयाँ नामै तोकेर कर्मचारीका नाममा निकास। यो नमूनाको भ्रष्टाचार देखेपछि पूर्व वन कर्मचारीले सर्वोच्च गुहारेका रहेछन्। उनले दिएको रिटमा अन्तरिम आदेश पनि जारी भएको छ। डिभिजन वन कार्यालय पर्साका डिभिजन वन अधिकृत सुभाष दास, रेन्जर सुमन पाण्डेय, डिभिजन वन कार्यालय पर्सामा कार्यरत अधिकृत रेयाज अहमद अन्सारी, रेन्जर राजकिशोर उपाध्याय, कपिलदेव प्रसाद यादवका नाममा अन्तरिम आदेश जारी भएको हो। शशिकान्त ठाकुरले गरेको यो साहसिक कदमले एउटा अपराध बाहिर आएको छ। यस्तो अपराधमा दोषीहरुलाई उम्कन दिनु हुन्न। यो अपराधलाई संरक्षण गर्ने स्थानीय जनप्रतिनिधिलाई पनि कारबाहीको दायरामा ल्याइनु पर्छ। उनीहरुले राष्ट्रिय वनको जग्गा धमाधम बिक्रीवितरण भइरहँदा कुन आधारमा स्वीकृत दिए या नदेखेको झैँ गरेर बसे ?

जनप्रतिनिधिमाथि पनि छानबिन हुन जरुरी छ। उसो त नेपालीमा भनाइ छ, लुटको धन फूपुको श्राद्ध। राष्ट्रिय वनमा तस्करी नियन्त्रण गर्न बसेकाहरुबाटै राष्ट्रिय वन बिक्रीवितरण जस्तो जघन्य अपराध भइरहँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगदेखि सबैको ध्यानाकर्षण हुन जरुरी छ। यो एउटा राष्ट्रिय मुद्दा हो। जहाँ बहालवाला कर्मचारी नै मुछिएका छन्। उनीहरुको कर्मविरुद्ध सर्वोच्चले तत्काल रिट जारी गर्दै कुनै अतिक्रमण नगर्न आदेश दिएको छ। घटनास्थल पुगेर थप अनुसन्धान गरी कारबाही अगाडि बढाउने जिम्मा अख्तियारको पनि हो।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# अभिभावक र विद्यार्थीसित दुई चार कुरा



– सञ्जय साह मित्र



अभिभावक हरेक क्षेत्रका हुन्छन् तर यहाँ मुख्यतया विद्यालयमा अध्ययनरत त्यस्ता बालबालिका जसका कोही मुख्य सहारा छन्, तिनलाई भनिएको हो। यसैगरी क्याम्पसका पनि त्यसता विद्यार्थी जो शिक्षाका लागि आफूले निर्णय गर्नेभन्दा अभिभावकको निर्णय मान्ने गर्दछ, ती अभिभावकहरु। यसै गरी क्याम्पसका त्यस्ता विद्यार्थी जो आफ्नो अभिभावकत्व आफैँ ग्रहण गर्न सक्ने सामर्थ्य राख्दछन्। आफ्नो अभिभावकत्व आफैँ ग्रहण गर्न सक्ने सामर्थ्य भएका व्यक्ति अभिभावकको तहमा अभिभावक हुन पुग्दछन् भने विद्यार्थीको तहमा तिनै व्यक्ति विद्यार्थी बन्न पुग्दछन्। अभिभावक र विद्यार्थी दुवैको मुख्य सन्दर्भ यहाँ शिक्षासित सम्बन्धित रहेका छन्। शिक्षाबाहेक अन्य क्षेत्रको हकमा यो लागू नहुन सक्छ।

अभिभावक सामान्यतया तीन किसिमका छन्ः धनी, गरिब र मध्यम वर्ग। धनी अभिभावकले आफ्ना सन्तानलाई शिक्षा दिँदा सम्भव भएसम्म नाम चलेका विद्यालयमा भर्ना गर्दछन्। नाम चलेका संस्थागत वा सामुदायिक जुन विद्यालय अभिभावकको रोजाइमा रहेको हुन्छ, सोही विद्यालयमा आफ्ना सन्तानलाई पढाउने गर्दछन्। यस्ता विद्यार्थीलाई सबै किसिमको सुख, सुविधा र सामग्री उपलब्ध हुन्छन्। सुविधा र सामग्रीले विद्यार्थीको क्षमता अभिभवृद्धि तथा सिकाइको वातावरणमा कुनै अवरोध गरेको हुँदैन। अर्को हुन्छ मध्यम वर्ग। यस वर्गले जहिले पनि आफूलाई उच्च वा धनी वर्गको सिको गर्नमा आफूलाई ठूलो ठान्दछ। यो वर्ग यस्तो वर्ग हो निम्न वर्गलाई हेप्दछ पनि र सदैव उच्च वर्गको हुनलाई संघर्ष गर्दछ। आफ्ना सन्तानलाई सम्भव भएसम्म अति व्यवस्थित संस्थागत वा सामुदायिक विद्यालयमा पढाउन चाहने अभिभावक यस वर्गका हुन्छन्। यस वर्गका विद्यार्थीलाई दुःख के हो र समस्या के हो भन्ने कुरा अभिभावकले सकेसम्म थाहा हुन दिँदैनन् तर आफू संघर्ष भने गरिरहन्छन्। विद्यार्थीले सुविधा र सम्पन्न उपभोग गर्ने अवसर पाउँछ। तेस्रोमा निम्न वर्ग पर्दछन्। निम्न वर्गका अभिभावकले दिनरात श्रम गरेर आफ्नो परिवारको आधारभूत आवश्यकता पूरा गर्नमा व्यस्त हुनु परेको कारण शिक्षामा उति राम्रोसित ध्यान दिन पाउँदैनन्।

बालबालिका विद्यालय गएको वा नगएको भनी हेर्न पनि भ्याउँदैनन्। आफ्ना सन्तानले पनि पढून् भन्ने चाहना राख्छन् तर पढाइको दृष्टिकोणले भने रेखदेख गर्न सक्दैनन् वा वातावरण दिन सक्दैनन्। पढाइमा लाग्ने खर्च तिर्न नसक्ने हुँदा बडो मुस्किलले सामुदायिक विद्यालयमा भर्ना गरेका हुन्छन् र घर वा खेतको काममा सम्भव भएसम्म सहयोग लिइरहन्छन्।

कतिपय परिवारको अवस्था यस्तो हुन्छ कि त्यहीँ विद्यालय जाने बालबालिकाले नै बाख्रा गोठालो गइदिनुपर्ने, घाँस काट्नुपर्ने र अन्य सुसेधन्दा गर्नुपर्ने हुन्छ। यसले घरपरिवारको जीवन चलाउन अलिकति भरथेग गर्न सजिलो हुन्छ। यही भरथेगलाई सकारात्मक रुपमा लिएर कतिपय अभिभावकले बालबालिकाई विद्यालयमा पठाउनुभन्दा अलिकति काम गरिदिए हुन्थ्यो जस्तो मानेर काम नै गराउन थाल्छन्। कतिपय अभिभावकको चाहना हुन्छ कि विद्यालयमा पठाऔँ तर विवशताले गर्दा कहिले विद्यालय पठाउने र कहिले घरमै राख्ने हुन्छन्। यस्ता अभिभावकले बालबालिकालाई आवश्यक परेको सामग्री किन्न पनि सम्भव हुँदैन। कसेकसैले त पूरा गर्छन् तर कसैकसैले भने चाहेर पनि पूरा गर्न सक्दैनन्।

ठूला र राम्रा भनिएका संस्थागत वा सामुदायिक विद्यालयमा पढ्ने जति सबै विद्यार्थीहरु जीवनमा पूर्णतया सफल नै हुन्छन्, विद्वान र महान् नागरिक नै बन्दछन् भन्ने होइन र कमजोर भनी ठानिएका सामुदायिक वा संस्थागत विद्यालयमा पढ्ने विद्यार्थीहरु जीवनमा पूर्णतया असफल नै हुन्छन्, मूर्ख र निकृष्ट नागरिक नै बन्दछन् भन्ने पनि होइन। यसै गरी विद्वता र प्रतिभाले पनि धनी वा गरिब देख्दछ भन्ने पनि होइन। यद्यपि सामाजिक तथा पारिवारिक वातावरण, विद्यालयको वातावरण, आनुवंशिक गुण आदिको प्रभावलाई भने अस्वीकार गरिएको पाइन्न। यति हुँदाहुँदै पनि विद्यार्थीलाई बाटो देखाउने अभिभावक नै हुन् र विद्यालय पुगेपछि मार्गदर्शन गर्ने शिक्षक नै हुन्। यसकारण भविष्यको निर्माणमा अभिभावक र शिक्षक वा परिवार र विद्यालयलाई बढी महत्व दिइएको वा जिम्मेवार मानिएको पाइएको छ। अभिभावकले चाहँदैमा सन्तान अब्बल भइहाल्ने होइन। कुनै पनि अभिभावकले आफ्नो सन्तानलाई कमजोर देख्न चाहँदैनन्। सबैले आफ्ना सन्तानलाई असल र अब्बल नै बनाउन चाहन्छन्। यो अभिभावकको स्वाभाविक वा नैसर्गिक गुण हो। विद्यार्थीमा पनि जन्मजात प्रतिभा र आर्जित प्रतिभा गरी दुई किसिमका प्रतिभा हुन्छन्। आर्जित प्रतिभा भन्नु नै विद्यालयको वातारणमा पाइने प्रतिभा हो वा प्रतिभा प्रस्फुटनको अवसर हो। अभिभावकले आफूलाई राम्रो लागेको शिक्षालयमा आफ्ना सन्तानलाई भर्ना गर्दछन् तर यहाँनेर अलिकति विचारणीय पक्ष यो पनि छ कि सन्तानको अभिरुचि केमा छ र उसको रुचिअनुसारको वातावरण कुन शिक्षालयमा पाइन्छ ? अथवा कहाँ त्यस प्रकारको वातावरण मिलाउन सजिलो हुन्छ।

> अभिभावकले विचार गर्नैपर्ने महत्वपूर्ण कुरो के हो भने बालबालिकामा भएको प्रतिभालाई बाहिर ल्याउने हो भने उसले भविष्यमा धेरै राम्रो काम गर्न सक्छ अर्थात् जीवनलाई सफल र सार्थक बनाउन सक्छ र अरुको लागि उदाहरणीय काम गर्न सक्छ। अभिभावकले आफूले देखेको सपना पूरा गराउन विद्यार्थीलाई लगाउनु उचित होइन।

अभिभावकले विचार गर्नैपर्ने महत्वपूर्ण कुरो के हो भने बालबालिकामा भएको प्रतिभालाई बाहिर ल्याउने हो भने उसले भविष्यमा धेरै राम्रो काम गर्न सक्छ अर्थात् जीवनलाई सफल र सार्थक बनाउन सक्छ र अरुको लागि उदाहरणीय काम गर्न सक्छ। अभिभावकले आफूले देखेको सपना पूरा गराउन विद्यार्थीलाई लगाउनु उचित होइन। उसको आफ्नो सपनाको बाटोमा हिँडाउन सहयोग गर्ने हो भने उच्च लक्ष्य प्राप्त गर्न सजिलो हुन सक्छ। अभिभावक म को हुँ र के हुँ, मेरो सामाजिक तथा आर्थिक हैसियत कस्तो छ भन्ने व्यक्तित्व र अन्य प्रभाव पार्न थाल्ने हो भने विद्यार्थीले खासै प्रगति गर्न सक्दैन। उसलाई आफ्नो स्वतन्त्रताको अनुभूति हुँदैन, आफूमा रहेको प्रतिभाको पहिचान हुँदैन, स्वतन्त्र किसिमले सोच्ने शक्तिको विकास हुन पाउँदैन र कतिपय अवस्थामा तत्काल निर्णय गर्ने क्षमताको अभाव हुन्छ। अभिभावकले आफ्नो सन्तानको मनलाई बुझ्न र उसको प्रतिभाको पहिचान गरेर सम्भव हुँदासम्म त्यस्तै वातावरण दिनुपर्छ ताकि भविष्यमा उसले त्यसैमा सम्मानित जीवन बाँच्न सकोस्, आनन्दित बन्न सकोस् र एक सफल नागरिक बनेर समाजमा सम्मान आर्जन सकोस्। आफ्नो पनि सम्मान बढाउने काम गर्न सकोस्।

विद्यार्थी जो अलिकति बुझ्ने भइसकेका हुन्छन्, तिनीहरुले ध्यान दिनुपर्ने सबैभन्दा विशिष्ट कुरो के हो भने आफ्नो पिता वा माताको हैसियत के हो वा कति धेरै वा थोरै सम्पत्ति छ भन्ने कुरा आफ्नो मनमा आउन दिनुहुँदैन। मातापिताले जस्तो वातावरण दिन सकिरहेका छन्, त्यसमा सम्भव हुँदासम्म सन्तुष्ट रहेर आर्थिक वा पदीय दृष्टिकोणले मातापितालाई बिर्सेर आफूलाई केही बन्नु छ वा मेरो जीवनको उद्देश्य यो हो भनेर त्यसप्रति आफूलाई केन्द्रित वा लक्ष्यित बनाउनुपर्छ। आफूलाई अब्बल बनाउन सम्भव भएसम्म आफूलाई नै जिम्मेवार बनाउनुपर्छ। अभिभावकले आफूलाई उत्तम दर्जाको नागरिक बनाइदिने होइन। अभिभावकले आफूलाई ठूलो पदमा पुऱ्याइदिने, सफलता दिलाइदिने र सफल नागरिक तथा सम्मानित नागरिक बनाइदिने होइनन् भन्ने कुरालाई एकदमै हृदयमा राखिरहनु पर्छ। विद्यार्थीले यही कुरा बुझ्नु आवश्यक छ कि हामीले मान्ने कुनै पनि देवीदेवता वा भगवानले आफ्नो जीवनमा कम्ती धेरै संघर्ष गरेका छन् भन्ने होइन। कुनै पनि देवीदेवता वा भगवानका सन्तानले पनि धेरै संघर्ष गर्नुपरेको छ। यहाँनेर यो उदाहरण बिर्सिनु हुँदैन कि राजा जनककी छोरी सीता वा जानकीको नाम विश्वमा अत्यन्त श्रद्धा र सम्मानका साथ किन लिइन्छ भने सीताले गरेको संघर्ष र त्याग अत्यन्त उच्च छ तर राजा जनकको छोरा भानुमन्त जो पछि राजा पनि भए, तिनको बारेमा खासै जानकारी राख्दैनन्। यसै गरी राजा दशरथका चार छोरा राम, लक्ष्मण, भरत र शत्रुघ्नको बारेमा सबैले धेरै कुरा जानेका छन् किनभने तिनीहरुले गरेको संघर्ष निकै कठिन छ तर सोही राजा दशरथकी छोरी शान्ता वा शान्तिको बारेमा खासै जानकारी राख्दैनन्। यसकारण हरेक व्यक्तिले सफल हुन आफैँ संघर्ष गर्नुपर्छ। आफ्नै संघर्षले द्रोणाचार्य गुरुका रुपमा प्रख्यात छन् भने आफ्नै संघर्षले अश्वत्थामा पनि प्रसिद्ध छन्। द्रोण र अश्वत्थामाको बिचमा नाता होला तर बुझ्नेले नातालाई भन्दा दुवै जनालाई तिनको आफ्नै संघर्षको कारणले चिन्दछन्। यसैकारण विद्यार्थीले आफूलाई आफ्नो अभिभावकको छायाको रुपमा होइन कि एक स्वतन्त्र नागरिकको रुपमा चिनाउनु उचित हुन्छ। म आफ्नो परिश्रमले आफूलाई अलग्गै पहिचानको रुपमा स्थापित गर्न सक्छु, ममा यस्तो क्षमता छ कि मेरो जीवनमा दक्षता आउँछ, मैले आफ्नो परिश्रमले आफूलाई एक खारिएको मानिसको रुपमा साबित गर्न सक्छु, सम्भव भएसम्म सबै साथीमा अब्बल बन्न सक्छु वा नभए कम्तीमा म आफ्नो साथीमा हेयको दृष्टिकोणले हेरिने विद्यार्थी रहँदिनँ भन्ने कुरो विद्यार्थीले बुझ्नुपर्छ। यो जीवनको सबैभन्दा ठूलो शिक्षा हो र यस मन्त्रले जीवनलाई एक सफल व्यक्तित्वको रुपमा उभ्याउन सहयोग गर्नेछ।

> विद्यार्थीले आफूलाई आफ्नो अभिभावकको छायाको रुपमा होइन कि एक स्वतन्त्र नागरिकको रुपमा चिनाउनु उचित हुन्छ। म आफ्नो परिश्रमले आफूलाई अलग्गै पहिचानको रुपमा स्थापित गर्न सक्छु, ममा यस्तो क्षमता छ कि मेरो जीवनमा दक्षता आउँछ, मैले आफ्नो परिश्रमले आफूलाई एक खारिएको मानिसको रुपमा साबित गर्न सक्छु, सम्भव भएसम्म सबै साथीमा अब्बल बन्न सक्छु वा नभए कम्तीमा म आफ्नो साथीमा हेयको दृष्टिकोणले हेरिने विद्यार्थी रहँदिनँ भन्ने कुरो विद्यार्थीले बुझ्नुपर्छ।

आजभोलि सिकाइका अनेक साधनहरुको विकास भइसकेको छ। हाम्रो समाजले सकारात्मकभन्दा नकारात्मक कुरो चाँडै सिक्ने गर्दछ तर यसको अर्थ यो होइन कि सकारात्मक साधन र सामग्रीको प्रभाव परेको हुँदैन। सिकाइको माध्यम जहाँ छ, त्यहाँ त्यसका विकृति पनि रहेको छ घामसँगै छाँया रहेजस्तो। बालबालिकालाई अभिभावकले आधुनिक सिकाइका साधनसित परिचित गराउँदा उपयोग गरिरहेका छन् कि दुरुपयोग भन्ने कुरोमा अलिक सचेत हुनुपर्छ।

यद्यपि अभिभावकीय सचेतनाले भन्दा विद्यार्थीय सचेतनाले नै बढी महत्व राख्दछ। विद्यार्थीले आफूले यो कुरो बुझ्नु आवश्यक छ कि अभिभावकले उपलब्ध गराएको आधुनिक शैक्षिक सामग्रीको दुरुपयोग गरेर क्षणिक मनोरंजन लिने वा समयलाई बर्बाद पारेको होइन वास्तवमा नचाहेर पनि आफ्नो जीवनमा ठूलो घाटा भइरहेको छ। बितिरहेको समय निकै मूल्यवान छ र साधनको दुरुपयोग गरेर कोही ठूलो मानिस भएको छैन। अभिभावकले निकै दुःख गरेर उपलब्ध गराएको साधन र सुविधाको दुरुपयोग गरेर आफूलाई प्रतिस्पर्धाको लिकबाट अलग पारिरहेको छु र आफूसँगैका साथीहरु आफूभन्दा छिटो अगाडि बढ्ने मागमा उद्यत बनेका छन्। र, अभिभावकले पनि यस प्रकारले शैक्षिक सामग्रीको दुरुपयोग गरिरहेको अवस्थालाई बुझेपछि सम्भव हुँदासम्म आफैँले नरम तरिकाले सम्झाएर तथा जुन शिक्षक वा व्यक्तिलाई आदर्श मान्दछन्, तिनीमार्फत उसलाई सम्झाउने प्रयास गर्नुपर्दछ।

शैक्षिक सामग्रीको दुरुपयोग त दुर्व्यसन हो। दुर्व्यसनले कोही अगाडि बढ्न सकेको छैन र बढ्न सक्दैन भन्ने कुरो बालबालिकाले बुझ्नु आवश्यक छ। विद्यार्थी जीवनमा बढी मोजमज्जा गर्ने, आनन्द गर्ने तथा सुखको खोजी गर्नेले के कसरी आफ्नो जीवनलाई राम्रो बनाउलान् भन्ने कुरो बुझ्नु वा बुझाउनु आवश्यक छ। सबै अभिभावकले त सक्दैनन् तर सम्भव हुने शिक्षित अभिभावकले घरमा असल तथा सफल व्यक्तित्वहरुको जीवनी पढ्ने तथा त्यस्ता जीवनीका किताबहरु छुटीको दिनमा आफ्ना बालबालिकालाई पनि पढ्न दिने वातावरण बनाउनुपर्छ।

र, व्यवहारमा विवेकको प्रदर्शन हुन्छ। सिकाइको वास्तविक उपलब्धि जीवनमा देखिन्छ।

जब जीवन अरुका लागि अनुकरणीय बन्न पुग्यो र जब अरुले फलानो जस्तो बन्ने प्रयास गर भन्न थाल्यो तब त्यस क्षेत्रमा र त्यत्ति हदसम्म जीवन सफल भयो भन्ने बुझ्नुपर्छ अभिभावक र विद्यार्थी दुवैले।

अभिभावक र विद्यार्थी दुवैमध्ये विद्यार्थीको चाहना नै ठूलो हुन्छ। भविष्य बनाउने विद्यार्थीले हो र विद्यार्थीले आफ्नो भविष्य आफ्नो परिश्रमले सुन्दर बनाउने लक्ष्यतिर लम्कँदा समाजले पनि उसप्रति ठूलो आशाको नजरले देख्न थाल्दछ।

# समयमा काम सम्पन्न नगर्नेको ठेक्का तोडिन्छ : मन्त्री



**काठमाडौँ ।** भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले मुलुकको समृद्धि र अर्थतन्त्रमा टेवा पुऱ्याउने राष्ट्रिय गौरव र रुपान्तकारणकारी आयोजना तोकिएको समयसीमाभित्र सक्ने निर्माण व्यवसायीलाई जस्तोसुकै आवश्यक सहयोग पुऱ्याउन सरकार तयार रहेको बताएका छन् ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा आकस्मिक, विशेष र शून्य समयमा उठेका प्रश्नको जवाफ दिँदै उनले ठेक्का लिएर समयमा काम सम्पन्न नगर्ने तथा अस्तव्यस्त तुल्याउनेसँगको ठेक्का सम्झौता तोड्न पनि सरकार पछि नपर्ने चेतावनी दिए ।

उनले काठमाडौँको कोटेश्वरमा 'फलाइओभर' निर्माण गर्ने तथा उपत्यकाका अरु केही स्थानमा देखिएको यातायातको चाप व्यवस्थित गर्न आवश्यक पूर्वाधार निर्माण गरिने उल्लेख गरे ।

कर्णालीको सदरमुकासँग राष्ट्रिय सडक सञ्जाल जोड्न तीव्रताकासाथ नेपाली सेनाले काम गरिरहेको बताउँदै मन्त्री ज्वालाले जनकपुर क्षेत्रका सडक र कमला पुलको पुन डिजाइनको काम गर्ने कार्य भइसकेकाले अब कसरी अघि बढ्ने भन्नेबारेमा निर्णय गरिने उल्लेख गरे ।

मुग्लिन-पोखरा सडक खण्डको केही क्षेत्रको काम तीव्ररुपमा अघि बढेपनि केही क्षेत्रले अझै गति लिन नसकेको जानकारी दिँदै उनले ओखलढुङ्गा र खोटाङ जिल्लाका सडकलाई पनि प्राथमिकताका साथ अघि बढाइने विश्वास दिलाए । यातायात व्यवस्था सुधारको प्रयत्न अगाडि बढाइएको जनाउँदै मन्त्री ज्वालाले सवारी चालक अनुमतिपत्र लिन लाइन लाग्नुपर्ने अवस्थालाई केही समयभित्र अन्त्य गरिने बताए ।

अनुमतिपत्र नवीकरणको अवधि १० वर्षमा राख्ने व्यवस्था गर्न कानुन संशोधन गर्न लागिएको उहाँको भनाइ छ ।

यात्री विद्युतीय मोटरसाइकल दर्ताको सम्बन्धमा सरोकारवालासँग छलफल गरी कार्यविधि संशोधनको तयारी गरिएको जनाउँदै उनले यातायात क्षेत्रमा सुधारका काम गरिएको र यसलाई तीव्र गतिमा अगाडि बढाउने बताए ।

# नेप्सेमा दोहोरो अंकको सुधार



**काठमाडौँ ।** नेपाल स्टक एक्सचेञ्ज (नेप्से)को परिसूचक मंगलबार दोहोरो अङ्कले बढेको छ ।

नेप्से परिसूचक १७ दशमलव ३६ अङ्कले बढेर एक हजार नौ सय पाँच दशमलव ६८ को विन्दुमा पुगेको हो ।मंगलबार दुई सय ६५ वटा कम्पनीको २७ लाख पाँच सय ७० कित्ता शेयर २७ हजार सात सय ६६ पटक खरिदबिक्री हुँदा रु ८८ करोड ५५ लाख ७८ हजार बराबरको कारोबार भएको छ ।

मंगलबार म्युचुअल फन्ड समूहको उपसूचक शून्य दशमलव एक अङ्कले घटेको छ भने बाँकी सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै निर्जीवन बीमा समूह ९५ दशमलव ४२ र उत्पादन तथा प्रशोधन समूह ७९ दशमलव ६३ अङ्कले बढेको छ । मंगलबार बैंकिङ समूह १२ दशमलव १७, विकास समूह ५७ दशमलव ०५, वित्त समूह १७ दशमलव ४९, होटल तथा पर्यटन समूह ६६ दशमलव ९७ र जलविद्युत् समूह १२ दशमलव नौ अङ्कले बढेको छ ।

त्यस्तै जीवन बीमा समूहको उपसूचक ५७ दशमलव ३०, उत्पादन समूह १५ दशमलव ८०, व्यापार समूह १३ दशमलव २२ र अन्य समूह छ दशमलव ७४ अङ्कले बढेको छ ।मंगलबार तारागाउँ होटल रिजेन्सीको शेयर मूल्य सबैभन्दा धेरै आठ प्रतिशतले बढेको छ ।

सबैभन्दा धेरै घट्नेमा भने सनराइज ब्लुचिप फन्डको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा मंगलबार सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु सात करोड ९१ हजार पाँच सय ५७ बराबरको एक लाख ६६ हजार २२ कित्ता शेयर किनबेच भएको छ ।

# 'अर्थतन्त्र सुधारका लागि सत्ता र प्रतिपक्षको भाव नबोकौँ'



**काठमाडौँ ।** सांसद धनराज गुरुङले मुलुकको अर्थतन्त्रमा देखिएको समस्या समाधान गर्न सत्तापक्ष र प्रतिपक्षले एकबताबद्ध भएर सामूहिक प्रयत्न गर्नुपर्ने बताएका छन् ।

प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा उनले मुलुक आर्थिक महासङ्कटमा परेकाले यस्तो अवस्थामा सबैले आ-आफ्नो तर्फबाट सहयोग गर्नुपर्ने बताए । 'सत्ता र प्रतिपक्षको भाव बोकेर होइन, एक ठाउँमा बसेर काम गर्नुपर्छ', उनले भने, 'समाधानको उपाय खोज्नुपर्छ, पुँजीगत खर्च कटौती गर्न खोजिएको आभाष भएको छ, पुँजीगत खर्च कटौती गरेर मुलुकलाई उभोगतितर्फ लैजान सकिँदैन ।'वन व्यवस्थापन कार्यविधि बनाएर वन जङ्गलमा रहेका पुराना काठ बिक्री गरेर भए पनि अर्थतन्त्रलाई टेवा दिनुपर्ने जनाउँदै उनले नेपालमा उपलब्ध निकासीजन्य वस्तुलाई यो अवस्थामा प्रयोग नगरे कहिले गर्ने ? भन्दै प्रश्न गरे । भ्रष्टाचार मुलुकको आर्थिक समृद्धिमा बाधक रहेको भन्दै सांसद गुरुङले भ्रष्टाचार नियन्त्रणमा ध्यान दिन सरकारसँग आग्रह गरे । सांसद भीमप्रसाद आचार्यले नेपालको संविधानले तीन खम्बे अर्थनीतिको परिकल्पना गरेको भन्दै सहकारी तथा लघुवित्त क्षेत्रमा देखिएको समास्या समाधान गर्न सरकारले ध्यान दिन नसकेको बताए । रुपान्तरणकारी आयोजनाको निर्माण गर्न तोकिएको भन्दा धेरै समय लाग्दा राजस्व सिर्जनाको वातावरण नबनेको भन्दै उनले त्यस्ता परियोजना समयमै सम्पन्न गर्न ध्यान दिनुपर्ने बताए । सांसद महेन्द्रबहादुर शाहीले मुलुकका बारेमा सदनदेखि सडकसम्म वहस भइरहँदा दिनप्रतिदिन अवस्था खस्किरहेको भन्दै उनले चिन्ता व्यक्त गरे । सङ्घीय व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न सङ्घीय ऐन बनाउन सरकारले ध्यान दिनुपर्नेमा जोड दिँदै उनले निजामती, प्रहरीलगायत विधेयक तत्काल संसद्मा ल्याउन माग गरे ।

उनले भने, 'संसद् भाषणवीरहरु जन्माउने थलोको रुपमा विकास हुँदैछ । तर यहाँ चाहिएको काम हो । संसद् प्रभावकारी बनाउन समितिको गठन तत्काल हुनुपर्छ । संसद् 'विजनेसविहीन' भएको छ । निजामति, प्रहरी र प्राकृतिक साधन स्रोत बाँडफाँडसम्बन्धी विधेयक पेश गर्न जरुरी छ ।'सांसद अशोककुमार चौधरीले बाध्यकारी वैदेशिक रोजगारीलाई अन्त्य गरी स्वदेशमा रोजगारी सिर्जना गर्नुपर्ने बताउनुभयो । श्रम बेचेर कहिलेसम्म देशको अर्थतन्त्र धान्ने हो भन्दै उनले रोजगारी सिर्जना गर्ने कार्यक्रम ल्याउन माग गरे ।

सांसद विक्रम पाण्डेले चितवनका जनताले बर्सेनि बाढीको जोमिख व्यहोर्दै आएकाले नारायणी तथा राप्ती नदीको तटबन्ध कार्यक्रमलाई छिटो सम्पन्न गर्न आग्रह गरे । उनले आउने वर्षामा पश्चिम चितवन र माडी जोखिममा रहेकाले समयमै साधन स्रोतको व्यवस्था गरी आधुनिक तटबन्धन गराउन सरकारको ध्यानाकर्षण गराए ।

सांसद रेखा यादव देशको पहरेदार भएर काम गरिरहेका सुरक्षाकर्मीलाई तत्काल तलब दिन सरकारसँग माग गरे । उनले सांसदको तलब प्रहरीलाई दिन र प्रहरीको तलब आफूहरुलाई दिन प्रस्ताव गरे । सांसद भानुभक्त जोशीले नेपाल कृषिप्रधान मुलुक भए पनि खाद्य सामग्री विदेशबाट आयात भएको, उत्पादनमा संलग्न हुनुपर्ने युवा जनशक्ति विदेशिएको अवस्थामा आगामी वर्षको बजेट निर्माण गर्दा सांसद र विज्ञसँग छलफल गर्न आग्रह गरे ।

सांसद विनिताकुमारी सिंहले सिरहाको लक्ष्मीपुरमा रहेका प्राचीन पोखरीलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ध्यानकर्षण गराए । सांसद सर्वेन्द्रनाथ शुक्लाले सरकारले पाँच वर्षमा कृषि उत्पादन दोब्बर गर्ने लक्ष्य लिएको भए पनि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले सो लक्ष्य पूरा गर्ने गरी काम गर्न नसकेको बताए ।

सांसद लालवीर चौधरी थारु समुदाय सिकलसेल एनिमियालगायत रोगबाट प्रभावित रहेकाले सो रोगको उपचार तथा नियन्त्रणमा ध्यान दिन आग्रह गरे ।सांसद प्रेम सुवालले किसानलाई समयमै मल उपलब्ध गराउन माग गरे ।

# 'धुलो दूध र झोल दूध आयातका लागि पहल गरिने'



**काठमाडौँ ।** नेपाल डेरी एसोसिएसनले हाल दूध अभावका कारण भइरहेको समस्या समाधानका लागि धुलो दूध र झोल दूध आयातका लागि तत्काल पहल गर्ने विषयमा छलफल गरेको छ ।

सर्लाहीको हरिवनमा हिजो र मंगलबार भएको एसोसिएसनको केन्द्रीय बिस्तारित बैठकमा ' फ्रेस मिल्क'मा लगाइएको अन्तःशुल्क हटाउन पहल गर्ने, दूधको मूल्यवृद्धि पश्चात छुर्पिको मूल्य बढ्दा बिक्रीमा भएकाले समस्या समाधानका लागि पहल गर्ने विषयमा पनि छलफल भएको अध्यक्ष प्रल्हाद दाहालले जानकारी दिए ।बैठकमा प्रदेश र जिल्ला समितिलाई अझ सक्रिय बनाइ हरेक क्रियाकलाप अगाडि बढाउने, दुग्ध सङ्कलन केन्द्रले विद्युत महसुलमा पाउँदै आएको छुटलाई निरन्तर दिइनुपर्ने विषयमा छलफल गरिएको उनको भनाइ छ । उनका अनुसार बैठकमा नेपाल डेरी एसोसिएसनलाई महासङ्घमा लैजाने विषयमा पनि छलफल भएको थियो । 'गण्डकी प्रदेशमा छुर्पी र पनिरमा भ्याट नलाग्ने भनि भएको निर्णय स्वागत गर्दै अब अन्य प्रदेशमा पनि सोहीअनुसार पहल गर्ने निर्णय बैठकले गरेको छ', महासचिव हेमचन्द्र खनालले भने । वैशाख १२ गतेदेखि १४ गतेसम्म मधेस प्रदेशको हरिवनमा हुन लागेको डेरी तथा कृषि औजार मेलाको सन्दर्भमा एसोसिएशनको बिस्तारित बैठक एवं प्रदेश र जिल्ला समितिका पदाधिकारीलाई एक दिने प्रशिक्षण कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रममा सातै प्रदेशका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव एवं जिल्लाका अध्यक्षको सहभागिता रहेको केन्द्रीय अध्यक्ष प्रल्हाद दाहाल जानकारी दिए । साथै अध्यक्ष दाहाल र महासचिव खनालले प्रशिक्षण दिएका थिए । बैठकमा विगतका भएका निर्णयमाथि समीक्षा, आय तथा व्ययको फछ्र्यौट, दूधको मूल्य वृद्धिका कारण परेको असरको समीक्षा, आगामी दिनमा प्रदेशअनुसार मूल्य निर्धारण गर्दा सहज हुने विषयमा पनि छलफल भएको थियो । एसोसिएसनको आगामी बिस्तारित बैठक लुम्बिनी प्रदेशमा गर्ने निर्णय भएको छ ।

# बजेटमा शिक्षा, स्वास्थ्य र रोजगारीलाई प्राथमिकताको सुझाव



**काठमाडौँ ।** नेपाली कांग्रेसका सांसदहरुले आगामी आर्थिक वर्षको बजेटमा शिक्षा, स्वास्थ्य, रोजगारी, पिछडिएका वर्ग, समुदाय र क्षेत्रलाई केन्द्रमा राखेर प्राथमिकता तोक्नुपर्ने सुझाव दिएका छन् ।

आगामी बजेटमा समेट्नुपर्ने विषयका बारेमा सुझाव लिन कांग्रेस संसदीय दलको मंगलबार बसेको बैठकमा उनीहरुले मुलुकको विषम आर्थिक परिस्थितिमा जनतामुखी बजेट ल्याउन अर्थमन्त्री एवं पार्टीका नेता डा प्रकाशशरण महतलाई सुझाव दिएका थिए । सोमबार र मङ्गलबार भएको बैठकमा कतिपय सांसदले सांसद विकास कार्यक्रमलाई निरन्तरता दिनुपर्ने माग गरेका थिए ।

बैठकमा पार्टी सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नागरिकका आवश्यकतालाई केन्द्रमा राखेर आगामी आर्थिक वर्षको बजेट तर्जुमा गनुपर्ने बताए ।

साथै उनले बजेटमा समेट्नुपर्ने विषयका बारेमा सुझाव दिन सांसदहरुलाई आग्रह गरेका थिए । बैठकमा अर्थमन्त्री डा महतले विषम आर्थिक अवस्थालाई सम्बोधन गर्नेगरी आगामी आर्थिक वर्षको बजेट बनाइने जानकारी गराएको राष्ट्रियसभामा कांग्रेसका प्रमुख सचेतक अनिता देवकोटाले जानकारी दिनुभयो । अर्थमन्त्री डा महतले सांसदहरुले राखेका जिज्ञासाका बारेमा जवाफ दिँदै बजेटका लागि स्रोत र साधनको कमी रहेको र सोहीअनुसार तर्जुमा गरिने बताएका थिए ।

जनमुखी बजेट ल्याउने र रोजगार, शिक्षा, स्वास्थ्य, पूर्वाधार, उत्पादन वृद्धि र बजार विस्तारमा सहज हुने गरी बजेट तर्जुमा गरिने उनले प्रतिबद्धता व्यक्त गरेका थिए । बैठकमा यही वैशाख १० गते सम्पन्न उपनिर्वाचनपछिको परिणाम, समसामयिक राजनीतिलगायत विषयमा समेत सांसदहरुले आफ्ना धारणा राखेका थिए ।

# विदेश निर्यात हुने पानीको गुणस्तर पारित

**काठमाडौँ ।** गुणस्तर परिषद्को १०८औँ बैठकले विदेश निर्यात हुने मूलको पानीको गुणस्तर मापदण्ड पारित गरेको छ ।

नेपाल गुणस्तर तथा नापतौल विभागले तयार पारेको सो मापदण्डलाई उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालको अध्यक्षतामा आइतबार बसेको बैठकले पारित गरेको हो ।

विभागले विभिन्न वस्तुको गुणस्तर निर्धारण गर्ने गर्दछ । मापदण्ड पारित भएसँगै अब पानी विदेश निर्यात गर्ने बाटो खुलेको छ ।

परिषद्को सोही निर्णयसँगै पानी, चिया, कफीलगायत वस्तु विदेश निर्यातमा सहज हुने विभागका प्रवक्ता ज्योती जोशी भट्टले जानकारी दिए ।

विभागको प्राविधिक समितिले गुणस्तर पारित गर्ने उद्योग तथा वस्तुको प्राविधिक अध्ययन गरी परिषद्मा पठाउने गर्दछ । परिषद्को सदस्यसचिव विभागका महानिर्देशक हुने प्रावधान रहेको छ ।

विभागका महानिर्देशक दीनानाथ मिश्रले विभागको प्राविधिक समितिले पारित गरेका गुणस्तरलाई मन्त्रीको अध्यक्षतामा रहेको गुणस्तर परिषद्मा पठाइने र सोही परिषद्ले अध्ययन गरेर पारित गर्ने प्रावधान रहेको बताउनुभयो ।

विभागको प्राविधिक परिषद्ले धेरै वस्तुको गुणस्तर पारित गरे पनि नेपाल गुणस्तर परिषद्को बैठक समयमा बस्न नसक्दा कतिपय गुणस्तर पारित हुनसकेका छैनन् । पानीको गुणस्तर मापदण्ड पारित भएसँगै अब मूलको पानीको विदेश निर्यात हुने र विदेशी मुद्रा आर्जनमा सहयोग पुग्ने अपेक्षा विभागले लिएको छ । नेपाल गुणस्तर परिषद्ले आर्थिक वर्ष २०७८/७९ मा १५ गुणस्तर पारित गरेको थियो ।

# ‘त्यो शमशानघाट, यो स्वर्गद्वार’

**जनकपुरधाम ।** मन्दिरै मन्दिरको सहर जनकपुरधाम उपमहानगरपालि-४ गङ्गासागर दक्षिणतर्फ भूतनाथ महादेव मन्दिर छ । उपमहानगरको मध्यभागमा अवस्थित यो मन्दिरको आँगनीमा सयौँ वर्षदेखि मान्छे जलाउने श्मशानघाट पनि छ । वर्षौँदेखि मृत्यु र नर्कको मात्रै चित्र देखाउने त्यो श्मशानघाटलाई अचेल भने मृत्यु, जीवन र स्वर्गलाई एकै ठाउँमा साक्षात्कार गर्न मिल्ने गरी विकास गरिएको छ । त्यसैले सो स्थान श्मशान नभई स्वर्गद्वारका रूपमा पहिचान बनाउँदै छ । यसरी पहिचान बनाउन २१ वर्षभन्दा बढी समय र करिब दुई हजार मानिसको योगदान खर्चिएको छ ।



विसं २०७६ साउन २८ मा स्वर्गद्वारले कानुनी स्वरुप ग्रहण गरे पनि ‘ श्मशानदेखि स्वर्गद्वार’ को यात्रा भने २१ वर्ष अघिदेखि सुरु भएको यस अभियानका अगुवा जनकपुरधाम निवासी पवनकुमार सिंघानियाको भनाइ छ ।

‘विसं २०५८ मङ्सिर-पुसतिर मेरो पिताजी हरद्वारीलाल सिंघानियालाई विसञ्चो भएपछि उनको अनुपस्थितिमा एकदिन मैले मलामी जानुपर्ने भयो । त्यहाँ जाँदा फोहर र दुर्गन्धले एकछिन टिक्न पनि मुस्किल भयो‘, उनले स्मरण गरे, ‘फोहरको डुङ्गुर र त्यसको दुर्गन्धले मरेको लासलाई पनि गिज्याइँरहेको थियो ।

मलामीहरूलाई सास्ती दिइरहेको थियो । त्यही दिन सङ्कल्प परे श्मशानघाटलाई यस्तै रहन दिनुहुँदैन । त्यहीबाट सुधार अभियान सुरु भयो ।‘

उनका अनुसार सोही वर्ष माघ १ गतेदेखि श्मशानघाट स्वच्छता अभियानले औपचारिकता पायो र माघ ७ गते नगरपालिकालाई यसबारेमा जानकारी दिइयो । ‘मृत्यु शाश्वत सत्य हो । जतिसुकै आलिसान महलमा बसे पनि एकदिन मान्छेले आउनैपर्ने अन्तिम घर यही श्मशानघाट त रहेछ ! त्यसैले यो ‘नर्क’ जस्तो घरलाई ‘स्वर्ग’ बनाउन लागौँ भनेर बिन्ती गरेँ‘, अभियान शुभारम्भ गर्दाको क्षण सिंघानियाले सम्झे । त्यसबेला धेरैले हाँसोको पात्र बनाएको र व्यापारिक घरानाको तन्नेरीले फोहर तथा दुर्गन्ध सफा गर्ने कुरा धेरैले नपत्याएको सन्दर्भ पनि उनको मनस्पटलमा ताजै छ ।

‘मृत्यु सत्य हो बाँकी सबै भ्रम । मृत्युलाई रोक्न त सकिँदैन तर त्यसलाई पनि सहज र मृत्यु संस्कारलाई सभ्य बनाउन सकिन्छ । हिन्दूहरूको शमशानभन्दा मुसलमानहरूको कब्रिस्थान सफा र व्यवस्थित छ । हामी पनि व्यवस्थित गरौँभन्दा धेरैले हाँसोमा उडाए‘, सिंघानिया भन्छन्, ‘जसले जे भने पनि मैले आफ्नो सङ्कल्पलाई छोडेन । विभिन्न उपाय अपनाएर आफ्नो कामलाई निरन्तरता दिएँ । धेरैले साथ पनि दिए । आज पर्यन्त यसैमा लागिरहेको छु, त्यसको परिणाम अहिले तपाईँहरूको अगाडि छ ।‘

सिंघानियाले श्मशान सुधारको योजना सुनाएको विषय तत्कालीन नगरप्रमुख बजरङ्गप्रसाद साहको पनि स्मरणमै छ । ‘श्मशान सुधारको योजना ल्याउँदा उनको (सिंघानिया) उमेर र व्यापारिक घरानाको पृष्ठभूमिले गर्दा सुरुमा धेरैले पत्याएनन् । मसँग पनि धेरैपटक कुरा भयो । वास्तवमा त्यो सराहनीय पहल थियो, त्यसैले मैले पनि सक्दो सहयोग गरे‘, साहले भने, ‘म भारतको गुजरात प्रदेशमा आयोजित एउटा सम्मेलनमा जाँदा द्वारिकाधाम क्षेत्रमा बनाइएको व्यवस्थित श्मशानघाट देखेर फर्किएको थिए ।

संयोग नै भन्नुपर्छ त्यसको केही समयपछि सिंघानियाले जनकपुरधाममै श्मशानलाई स्वर्गद्वार बनाउने प्रस्ताव ल्याए ।‘ जग्गा व्यवस्थापनदेखि अन्य काममा सक्दो सहयोग गरेको त्यो अभियानले स्वर्गद्वारलाई जनकपुरधाममा हेर्न लायक ठाउँको रूपमा विकास गरेको देख्दा आफूलाई निकै खुसी लागेको बताए ।

विसं २०५८ फागुन १७ गतेदेखि स्वर्गद्वार निर्माण सुरु भएको थियो । तीन सय ४५ फिट लम्बाइ र एक सय २५ फिट चौडाइभित्र बाबा भूतनाथको मन्दिर, दुईकोठे धर्मशाला, भैरवनाथ मन्दिर तथा सो मन्दिरको छेउमा भोलेनाथ शेषनागको छायाँमा माता पार्वतीसहितको मनमोहक दृश्य हेर्न लायक छ । स्वर्गद्वारको बीच भागमा दुई सय फिट लम्बाइ र ४० फिट चौडाइको शव जलाउने ठाउँ, पश्चिमतर्फ व्यवस्थापन समिति तथा शवयात्री (मलामी) विश्राम गर्न पाँचकोठे धर्मशाला बनाइएको छ ।

त्यसैगरी प्रवेशद्वारदेखि बाबा भूतनाथ मन्दिरसम्म १२ फिट चौडाइ र करिब दुई सय १० फिट लम्बाइको पैदलमार्ग, त्यसैमा रङ्गीबिरङ्गी फूल, यो देख्दा लाग्छ श्मशानघाट नभई यो कुनै उद्यान हो । ‘यहाँ मलामीमात्रै होइन, जनकपुरधाम घुम्न आउने अरु पर्यटक पनि आउँछन्, तस्बिर खिचाउँछन् र रमाएर जान्छन्‘, विगत १० वर्षदेखि शव जलाउने काममा सहयोग गर्दै आएका हीरा मल्लिकले भने, ‘मैले काम सुरु गर्दा यो ठाउँ देखेर डराउँथे, नाकमुख थुन्थे तर अहिले मलामीहरू पनि खुसी भएर जान्छन् । यस्तो श्मशानघाट देखेकै छैनौँ भन्छन् ।‘

हीरा मल्लिकमात्रै होइन, कठियारी (लाश जलाउने मान्छे) विपत्ति डोम पनि श्मशानघाटमा लाश ल्याएर आउनेहरूको खुसी देखेर आफूलाई रमाइलो लाग्ने गरेको सुनाउछन् । ‘मैले अरु श्मशानघाटमा पनि काम गरेको छु । आफन्त मरेको पीडामा आँशु पुछ्नेभन्दा फोहर र दुर्गन्धले नाकमुख थुन्नै सकस हुन्छ, तर यहाँ त्यसो गर्नुपर्दैन‘, उनले भने, ‘यहाँको वातावरण देखेर मलाई पनि रमाइलो लाग्छ, तनाव पनि दूर हुन्छ ।‘

यो त श्मशानघाटभित्रको कुरा भयो । त्योभन्दा आकर्षक त बाहिरको वातावरण छ । मलामी र बटुवाहरूलाई एकपटक रोकिएर हेर्न बाध्य बनाउने उक्तिहरू पर्खालमा कुदिएका छन् ।

केही पङ्क्तिहरू-

मृत्यु के बाद यही है जीवनका कड्वा सचः
‘पत्नी’ मकान तक,
‘समाज’ श्मशान तक,
‘पुत्र’ अग्निदान तक,
सिर्फ आपके ‘कर्म’ भगवान तक ॥
...
कौन दोषी है या निर्दोष मालूम नहि था खंजरको,
बगिया दूसरे की बिगडेगी मालूम नहि था बन्दरको ॥
कितनी पानी है अन्दर मालूम नहि था समुन्दरको,
एक दिन खाली हात जाना पडेगा मालूम नहि था सिकन्दरको ॥
......
इंसान भी क्या चीज हैः
दौलत कमाने के लिए सेहत खो देता है,
सेहत को वापस पाने के लिए दौलत खो देता है ॥
जीता ऐसे है जैसे कभी मरेगा ही नही,
और मर ऐसे जाता है जैसे कभी जिया ही नही ॥

पर्खालमा लेखिएका यस्ता तमाम् हरफले यहाँ आउने हरेक मान्छेलाई जीवन र मृत्यु, सम्बन्ध र सम्पत्तिको मोहबाट एकछिनका लागि भए पनि मुक्त गराई क्षणभङ्गुर संसार, शाश्वत मृत्यको बोध गराई ‘मनुर्भव’ अर्थात् ‘मान्छे बन’ भनेर सिकाउँछन् । ‘कतिपयले पर्खालमा कुदिएका उद्धरण, पर्खालभित्रको वातावरण देखेर ‘अहो ! श्मशानघाट पनि मरौँ मरौँजस्तो लाग्ने’ भनेर व्यक्त गरेको भाव सुन्दा बिछट्टै आनन्द आउँछ‘, अभियानी सिंघानियाले सुनाए ।

कठियारी मल्लिकका अनुसार कुनै बेला श्मशान भनेपछि भाग्नेहरू अहिले तस्बिर खिचाउन आउँछन्, यहाँका भित्ताहरूसँग बोल्छन् र केही न केही शिक्षा लिएर जान्छन् ।

यस्तो अवस्था निर्माण गर्न सिंघानियालाई अहिलेसम्म सरकार, सङ्घसंस्था र व्यक्ति गरी एक हजार आठ सयभन्दा बढीले सहयोग गरेका छन् । करिब रु तीन करोड रकम खर्च भएको छ । ‘सुरुमा सम्झाउन गाह्रो भयो । बिन्ती गरेरै भए पनि सहयोग जुटाएँ । दश वर्षसम्म एक सय आठ जनाबाट मासिक रु एक हजार एक सयका दरले सहयोग लिए तर प्रत्येक महिना पैसा दिने र उठाउने दुवैलाई झन्झट हुने भएपछि अहिले रु एक करोड ५१ लाखको अक्षयकोष बनाइएको छ‘, सिंघानियाले सुनाए ।

यो त भाग एकको कुरा भयो । त्यही छेऊमा स्वर्गद्वार भाग-२ निर्माण भइरहेको छ । निर्माणको अन्तिम चरणमा रहेको भाग-२ मा सानै उम्मेरमा ज्यान गुमाउने बालबच्चाको शव व्यवस्थापन गरिने छ ।

# फ्लाई दुबईको जहाजमा देखिएको समस्या के हो ?



**काठमाडौँ ।** सोमबार राति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दुबईका लागि उडान भरेको फ्लाई दुबईको जहाजको इञ्जिनमा खराबी देखियो । विमानस्थलबाट उडानभरेलगत्तै एफजेट ५७६ उडान नम्बरको ‘बोईङ७३७-८००’ जहाजको इञ्जिनमा ठूलो आवाजसहित आगोको मुस्लो देखियो ।

विमान चालक (पाइलट)ले जहाजलाई धादिङको धार्केमाथिको आकाशमा करिब २१ हजार फिट उचाइमा झण्डै ११ मिनेट जहाज आकाशमा ‘ होल्ड’ (फन्को लगाएर) गरेर जहाजको इञ्जिनको ‘ कन्डिसन’ जाँच गरे । जहाजको सिङ्गल इञ्जिन खराब भएपछि आकाशमा होल्ड गरेर जाँच गरिएको थियो । त्यतिन्जेलसम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थमा आकस्मिक अवतरणका लागि सबै संयन्त्र तैनाथ भइसकेका थिए ।

फ्लाई दुबईको जहाज कोटेश्वरको आकाशमा विस्फोटको आवाजसँगै इञ्जिनमा आगो देखिएपछि उक्त जहाजका पाइलटले काठमाडौँ विमानस्थलको टावरलाई जहाजको बायाँ इञ्जिनमा आगलागी भएको जानकारी दिएका थिए । उक्त जहाजको सबै इण्डिकेटरको चेक गरेपछि पाइलटले थप समस्या नदेखिएकाले उडानलाई निरन्तरता दिने निर्णय लिएका थिए ।

विमानस्थलको टावरका एटिसीले पनि उक्त जहाजलाई गन्तव्यतर्फ उड्न अनुमति दिएका थिए । जहाजले सामान्य रुपमा उडान भरेर दबईको ‘दुबई इन्टरनेशनल एयरपोर्ट’ मा सकुशल अवतरण गऱ्यो । फ्लाई दुबई र त्यहाँको नियामक निकायले जहाज अवतरण गरेको सन्देश दिए । नेपाली समय अनुसार राति २ बजे (स्थानीय समय अनुसार १२ बजेर ११ मिनेटमा) उक्त जहाजले दुबईमा सफल अवतरण गरेको थियो । उक्त जहाजमा एक सय ६८ यात्रु सवार थिए ।

यसरी जहाजमा विमानस्थलबाट उड्नेवित्तिकै ठूलो आगोको मुस्लो निस्किएको विषय अझै जनमानसमा कौतुहलताको विषय बनिरहेको छ ।

फ्लाई दुबईको जहाजमा के भएको हो भन्ने विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यम र सामाजिक सञ्जालमा विभिन्न अनुमान सार्वजनिक भएका छन् । जहाजमा चरा ठोक्किएर विष्फोट भएको भन्ने हल्ला फैलिएको छ । यसबारे नेपालको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले बाहिर आएको हल्लाजस्तो जहाजमा चरा ठोक्किएको पुष्टि नभएको जनाएका छन् । तथापि, दुबईको ‘गभरमेन्ट अफ फ्लाई दुबई मिडिया अफिस’ले भने सामाजिक सञ्जालमा पोष्ट गर्दै उक्त जहाजमा चरा ठोक्किएर विष्फोट भएको दाबी गरेको छ ।यसै सन्दर्भमा लामो समय जहाजको मर्मतसम्बन्धी अनुभव रहेका जहाज मर्मतसम्बन्धी इञ्जिनियर एमके श्रेष्ठले सोमबार फ्लाई दुबईको जहाजमा देखिएको प्राविधिक समस्या सामान्य रहेको र यस किसिमको घटना विगतमा पनि हुने गरेको बताए । उनले भने, ‘फ्लाई दुवईको जहाजमा भएकोजस्तो घटना सामान्य हो, यसमा अत्तिनुपर्दैन, यस्ता प्रकृतिका घटना विगतमा पनि हुने गरेको थियो । विगतमा एकदेखि दुई पटकसम्म मात्र ठूलो आवाज सुनिन्थ्यो । तर, यस पटक भने चार पटकसम्म ठूलो आवाजसहित आगोको मुस्लो बाहिर आउने घटना भने गम्भीर भएको सङ्केत हो । अनुसन्धान नगरी थप बोल्न मिल्दैन ।’

नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स) का एक वरिष्ठ पाइलटका अनुसार कुनैपनि जहाजमा प्राविधिक समस्या देखिएपछि ‘स्ट्यानन्डर्ड अपरेटिङ प्रोसिडर’ हुन्छ । त्यसअनुरुप ‘चेकलिष्ट फलो गरिन्छ’ त्यसपछि सबै चिज नर्मल भएपछि मात्रै अपरेटिङ गरिन्छ ।

‘जहाजको इञ्जिनको बाहिरबाट हेर्दा आगो देखिन्छ । यदि चरा छिरेको रहेछ भनेपनि त्यो आगो भएर बाहिर निस्कन्छ । कपपिटभित्रका पाइलटले सबै उपकरण जाँच गरेर ठीक छ भनेपछि मात्रै जहाज उडाउने निर्णय लिन्छन्’, उनले भने, ‘जहाजको इञ्जिनलगायत कुनैपनि समस्या आएमा ‘ फ्लाइट सेफ्टी स्ट्यान्डर्स’ अनुरुप ‘चेकलिष्ट फलो’ गरिन्छ, त्यसपछि ‘एसओपी’ हुन्छ । रिस्कको प्यारामिटर जाँच गरेपछि पाइलटले निर्णय लिन्छन् ।’

निगमका ती वरिष्ठ पाइलटको भनाइमा जहाजको इञ्जिनबाट आवाजसहित आगो निस्कने दुई अवस्थामा हुन्छ, पहिलो चरा वा कुनैपनि सामान इञ्जिनभित्र पसेर हुन्छ भने अर्को जहाजको इञ्जिनको कम्प्रेसर स्टल भएर वा इञ्जिनकै प्राविधिक समस्या भएर आगो निस्कन्छ’ ।

इञ्जिनियर श्रेष्ठ भने इञ्जिनमा हावाको कमी हुँदा अर्थात् ‘ कम्प्रेसर स्टल’ भएमा पनि ठूलो आवाजसहित आगोको मुस्लो बाहिर आउको उल्लेख गरे ।उनको अनुसार जहाजको इञ्जिनको मुखमा चरा पसेको वा हावामा उडिरहेको कागजको टुक्रा परेमा पनि विष्फोट गराउनसक्छ । ‘सानो कागज मात्रै पनि इञ्जिनमा परेमा पड्किन्छ । कम्प्रेसरबाट हावा आवश्यकता अनुसार नहुँदा कहिलेकाहीँ यस्तो आवाजसहित आगो निस्कन्छ’, श्रेष्ठले भने । जहाज उड्नेवित्तिकै ठूलो आवाजसहित आगोको मुस्लो निस्किएको समयमा जहाज ‘ थर्थराउछ’ र पूरै हल्लिन्छ । यस्तो अवस्थामा इञ्जिनको पछाडिबाट आगोको ज्वाला निस्कने उनको भनाइ छ ।

हावा र इन्धनको ‘रेसियो’ नमिलेकाले विष्फोटको आवाज आएको विज्ञहरुको अनुमान छ । विज्ञका अनुसार जहाजको इञ्जिन चालु हुँदा आगो बलिरहेकै हुन्छ । आगोले नै इञ्जिनलाई पावर दिनु सामान्य कुरा हो । यस्तो बेला पाइलटले होसियारी अपनाउनुपर्छ । उडिरहेको जहाजको इञ्जिन खराब भएको भए काठमाडौँ विमानस्थलमा अवतरण गर्नुपर्ने अवस्था हुन्थ्यो । जहाजको सबै ‘पारामिटर नर्मल’ भएमा उडानलाई निरन्तरता दिने पाइलटले निर्णय लिएको देखिन्छ । यस्तो अवस्थामा पाइलटको निर्णय नै अन्तिम निर्णय हुन्छ ।

पाइलटले होसियारीपूर्वक पारामिटरको चेकजाँच गरेपनि जहाजलाई गन्तव्यातिर लगेको देखिन्छ । जहाजमा प्राविधिक समस्या देखिनासाथ पाइलटले जहाजलाई फन्को लगाएर ‘ इन्डिकेटर र पारामिटर’ चेकजाँचपछि उडान गर्नसक्ने श्रेष्ठको भनाइ छ ।

**आपतकालीन अवतरणका लागि सबै संयन्त्र सक्रिय**

उडिरहेको वा उडान भर्नासाथ जहाजमा प्राविधिक समस्या देखिएमा जहाजको तत्कालै होल्ड गरेर इण्डिकेटर जाँच गरेपछि जहाजको इञ्जिन फेल भएको खण्डमा आपतकालीन अवतरण गर्नुपर्छ । सोमबारको घटनामा जहाजको सबै इण्डिकेटरले काम गरेकाले गन्तव्यतिर लगिएको हो । अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओको) म्यानुअल अनुसार जहाजबारे अनुसन्धान गर्नुपर्ने हुन्छ । उक्त अनुसन्धानपछि मात्रै के कारणले घटना घटेको भन्ने बाहिर आउने उनले बताए ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाका अनुसार चराको जोखिम नियन्त्रणका लागि सिकारीको व्यवस्था गरिएको छ । उनले जहाजमा चरा ठोक्किँएको अहिलेसम्म पुष्टि नभएको बताए । ‘नेपालमा दर्ता नभएको जहाज भएकाले फ्लाई दुबईको जहाजको अध्ययन सम्बन्धित मुलुकले गर्नेछ । नेपालको तर्फबाट जानकारी गराईसकेका छौँ, जहाजमा चरा ठोक्किएको पुष्टि भएको छैन, के भएको हो भन्ने विषय अनुसन्धानले पत्ता लाग्ला सहजीकरणका लागि प्राधिकरण तयार छ’, प्रवक्ता निरौलाले भने । उनले विमानस्थलको धावनमार्ग र आसपास निरीक्षण गर्दा चरा नभेटिएकाले घटना के कारणले भएको हो भन्ने अहिले पुष्टि गर्न नसकिने उल्लेख गरे । प्राधिकरणका सहायक प्रवक्ता ज्ञानेन्द्र भुलका अनुसार सोमबार जहाजको इञ्जिनमा खराबी आएपछि आकस्मिक अवतरणको तयारी गरिएको थियो । अवतरणका क्रममा रहेका विमानलाई राति ९ः२० मिनेटदेखि ९ः५९ सम्म आकाशमा होल्ड गरिएको थियो । विमानस्थलमा दमकल, ‘ लोकल स्ट्याण्डबाई’ गरियो । यो भनेको कुनै जहाजले खराबी देखिए इमर्जेन्सी भनी घोषणा गरेपछि आकिस्मक अवतरणका लागि गरिने अभ्यास र तैनाथ संयन्त्र हुन् ।दमकलसहित सवारी साधान, सुरक्षाकर्मी, अस्पताल सबै तयारी अवस्थामा राखिएको थियो । पाइलटले जहाज गन्तव्य पुग्छ भन्ने घोषणा गरेपछि विमानस्थलले सबै उडान खुलाइएको थियो । जहाजका सम्बन्धमा नेपालको एटिसीसँग सोधपुछ गर्न सक्छन् । नेपालमा अवतरण भएको भए यहाँ प्राविधिक समिति गठन गरेर अनुसन्धान गर्नुपर्ने हुन्थ्यो । तर जहाज दुबईमै अवतरण भएकाले दुबईको सिभिल एभिएसन अथ्योरिटीले प्राविधिक समिति बनाएर जहाजको अनुसन्धान गर्ने प्राधिकरणले जनाएको छ ।

आगो लागेपछि जहाजको इञ्जिन बन्द गरिन्छ । सिङ्गल इञ्जिनमा जहाज उड्छ तर गति कम हुन्छ । गन्तव्य पुग्न दोब्बर समय लाग्ने सहायक प्रवक्ता भुलले जानकारी दिनुभयो । विमानस्थलको टावरका एटिसीले विमानचालक (पाइलट) सँग कम्युनिकेसन गरेपछि जहाज सामान्यतवरले गन्तव्यतर्फ उडेको महाप्रबन्धक तिवारीको भनाइ छ ।

# प्रधानमन्त्री दाहालको भारत भ्रमणबारे सांसदको जिज्ञासा

**काठमाडौँ ।** सांसदहरुले प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को आसन्न भारत भ्रमणबारे जिज्ञासा राख्नाका साथै शिक्षक र सुरक्षाकर्मीको रोकिएको पारिश्रमिकका विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।



प्रतिनिधिसभाको मंगलबार बसेको बैठकको विशेष समयमा सांसद रघुजी पन्तले प्रधानमन्त्री दाहालको भारत भ्रमणको एजेन्डाबारे स्पष्ट जवाफ माग गरे । उनले भने, ’संसद्भित्र पटकपटक आग्रह गर्दा पनि प्रधानमन्त्री दाहालले आफ्नो भारत भ्रमणबारे जानकारी दिएको छैन ।’ भारतसँगको सन् १९५० को सन्धि फेर्न र प्रभुत्व व्यक्ति समूहको प्रतिवेदनको सार्वजनिकीकरणबारे भारत भ्रमणका क्रममा नेपालले छलफल गर्नपर्ने उनले बताए।

’भारतीय सेनामा नेपाली भर्नाका लागि नयाँ सन्धिसम्बन्धी छलफल हुनुपर्छ’, सांसद पन्तले भने- ’अध्यक्षका हैसियतले सार्क सम्मेलन रोकिएको विषयदेखि हवाई रुटको विषय एजेन्डा बन्नुपर्छ ।’

सांसद रणेन्द्र बरालीले भूमाफियाका कारण देशभरका किसान भूमिहीन भएको उल्लेख गर्दै उनीहरुलाई कारबाही गर्न माग गरे । भूमिहीनलाई लालपुर्जा बाँड्ने काम तत्काल सुरु गर्न उनले माग गरे ।

सांसद रामहरि खतिवडाले २०७२ सालको भूकम्प गएको आठ वर्ष पूरा हुँदै गर्दा भूकम्प प्रभावितले अनुदान प्राप्त गर्न नसकेको बताए । उनले भने, ’साठी हजार नौ सय ४३ निवेदन पुनरावेदनमा परेका थिए । त्यसमध्ये २८ हजार ६ सय ४४ निवेदन पुनरावेदनले फछ्र्यौट गरेर छ हजार एक सय १० जनालाई लाभग्राही संख्यामा दाखिल गऱ्यो । अझै ३२ हजार दुई सय ९९ उजुरीवालाको सुनुवाइ भएको छैन ।’ हजारौँ लाभग्राहीले अनुदान नपाएको खतिवडाले उल्लेख गरे । सांसद भगवती चौधरीले कोशी प्रदेशअन्तर्गतको दुहबी बजारमा बाटो विस्तारका क्रममा विस्थापित ७१ परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन माग राखे । उनले भने, ’फिल्मी शैलीमा बस्तीको ७१ घर बिना पूर्वसूचना भत्काउने काम भयो । उनीहरु दैनिक ज्याला मजदुरी गरी खाने जनता थिए ।’

सांसद ऋषिकेश पोखरेलले सरकारले विकासका काममा ध्यान नदिएको गुनासो गरे । उनले कर्मचारी सरुवा मनपरी भएको भन्दै आपत्ति जनाए । अन्तर सरकारी निकाय बीचको समन्वय बढाउन पोखरेलले आग्रह गरे । उनले भने, ’आर्थिक वर्ष प्रारम्भ हुन दुई महिना बाँकी छँदा रतुमाई नगरपालिका र देशका विभिन्न पालिकासहित विभिन्न क्षेत्रका कर्मचारीको ताकी ताकी सरुवा गरियो । हामीले यो बेठिक हो, सच्याउन माग गर्दा सरकारले सुनेन । फेरि बैंक खाता रोक्का गरियो, जसका कारण शिक्षक कर्मचारीको तलब रोकिएको छ । विकास निर्माण ठप्प छ ।’

# सुडान संकट : युद्धरत पक्ष युद्धविरामका लागि सहमत



**खार्तुम।** सुडानमा युद्धरत पक्षबीच युद्धविरामको सहमति भएको छ । संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा सुडानी सशस्त्र बल (एसएएफ) र र्‍यापिड सपोर्ट फोर्सेस (आएसएफ) ७२ घण्टा युद्धविराम गर्न सहमत भएका हुन् ।

सोबार मध्यरातदेखि युद्धविराम लागू भएको छ । सङ्घर्षरत दुवै पक्षले युद्धविराम पालना गर्ने प्रतिबद्धता जनाएका छन् । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनले ४८ घण्टा लामो वार्तापछि सुडानी सेना र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्स आरएसएफबीच सम्झौता भएको बताएका छन् । यही वैशाख २ गतेदेखि प्रारम्भ भएको द्वन्द्वमा चार सयभन्दा बढीको मृत्यु भइसकेको छ । जारी युद्धका कारण हजारौँ घाइते भएका छन भने ठूलो संख्यामा विदेशीहरू पलायन भएका छन् । यसअघिका युद्धविरामका प्रयास असफल भएका थिए । राष्ट्रसङ्घीय निकायहरूले चार सय २७ जना मारिएका तथा तीन हजार सात सयभन्दा बढी घाइते भएका जनाएका छन् । युद्धमा खार्तुमस्थित इजिप्सेली दूतावासका प्रशासन सहायक एक कर्मचारीको मृत्यु भएको इजिप्टको विदेश मन्त्रालयले पुष्टि गरेको छ। उनी घरफिर्तीको प्रक्रियामा सहभागी हुन दूतावास आउँदै गरेका बेला आक्रमणमा परेका हुन् । खार्तुमका सडकमा लाश यत्रतत्र छरिएका छन् ।

आरएसएफले युद्धविरामको उद्देश्य मानवीय सङ्कट उत्पन्न हुन नदिन तथा देशवासीलार्य आवश्यक स्वास्थ्य सेवाका साथै सुरक्षित स्थानसम्मको पहुँच सुनिश्चित गर्न तथा कूटनीतिक नियोगहरूलाई खाली गर्नु हो भनेको छ । प्रतिद्वन्द्वी समूह एसएएफले पनि आरएसएफले युद्धविराम पालना गरेमा आफूले पनि त्यसलाई मान्ने बताएको छ । हिंसा सुरु भएदेखि युद्धग्रस्त राजधानी खार्तुमका बासिन्दालाई घरभित्रै बस्न भनिएको छ । उनीहरू खाना र पानीको चरम अभाव झेलिरहेका छन् । बम विष्फोटले पानी आपूर्तिका पूर्वाधार क्षतविक्षत भएका छन् । सुडानीहरू नाइल नदीको पानी पिउन बाध्य भएका छन् । घोषित युद्धविरामले उनीहरूलाई शहरबाट सुरक्षित स्थानतर्फ जान सहज हुनेछ । विदेशी सरकार हरूलाई पनि आफ्ना आफ्ना कूटनीतिज्ञ र नागरिकको उद्धार गर्न सजिलो हुने बताएका छन् ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सुडान हिंसाले देशको सम्पूर्ण क्षेत्र र छिमेकी भूभागमा निम्त्याउन विपत्तिको आगो फैलनसक्ने चेतावनी दिएका छन् । आइतबार रातिदेखि सुडानमा इन्टरनेट सेवा अवरुद्ध भएको छ । देशबाट हजारौँ नागरिक छिमेकी देशमा पलायन भएका छन्भने करिब चार हजार विदेशीले सुडान छाडेका छन् ।


सुडानबाट आफ्ना नागरिकलाई उद्धार गर्दै बेलायत

बेलायतले सुडानबाट आफ्ना नागरिकलाई उद्धार गर्न 'बृहत् स्तर' को उद्धार अभियान सञ्चालन गर्ने घोषणा गरेको छ। दश दिनसम्म भएको युद्धमा चार सय २७ जना मारिएका तथा तीन हजार सात सयभन्दा बढी घाइते भएका राष्ट्रसङ्घीय निकायहरूले जनाएका छन् । संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा सुडानी सशस्त्र बल (एसएएफ) र र्‍यापिड सपोर्ट फोर्सेस (आएसएफ) ७२ घण्टा युद्धविराम गर्न सहमत भएको जनाएसँगै बेलायतले आफ्ना नागरिकलाई त्यहाँबाट फिर्ता ल्याउने घोषणा गरेको हो । आफ्ना नागरिकलाई सुडानमा असुरक्षित छाडेकामा व्यापक आलोचना भएपछि सरकारले बेलायती राहदानी वाहकहरूलाई सुडानबाट फिर्ता ल्याउने बताएको हो । सन् २०२१ मा अफगानिस्तानबाट आफ्ना नागरिक उद्दार गर्दा पनि बेलायतको आलोचना भएको थियो । गए रातिदेखि सुडानमा ७२ घण्टे युद्धविराम लागू भएको छ ।

प्रधानमन्त्री ऋषि सुनकले रोयल एयर फोर्सको उडानबाट बेलायती नागरिकलाई स्वदेश ल्याउने प्रक्रिया प्रारम्भ भएको बताउनुभएको छ । बालबालिका, वृद्धवृद्धाका साथै कमजोर अवस्थामा रहेका परिवारलाई उद्धारको प्रथम प्राथमिकतामा राखिएको उहाँले बताउनुभएको छ । उद्धार अभियानलाई जटिल कार्य भन्दै उनले बेलायतको सशस्त्र सेना,कूटनीतिज्ञ र अभियानमा संलग्न अन्य व्यक्तिको सराहना गर्नुभएको छ । प्रधानमन्त्री सुनकले सुडानमा रक्तपात अन्त्य गर्न र लोकतान्त्रिक सरकालाई बेलायतबाट निरन्तर सहयोग एवम् समर्थन रहने बताएका छन् । बेलायतका विदेशमन्त्री एन्ड्र्यु मिचेलले सुडानमा दोहोरो नागरिकता भएका करिब चार हजार बेलायती र बेलायतको मात्र राहदानी भएका चार सय मानिस रहेका बताएका छन् । करिब दुई हजार बेलायती राहदानी वाहकले उद्धारका निम्ति आवेदन गरेका जानकारी पनि उनले दिएका छन् ।

विदेश मन्त्रालयले जारी गरेको एक विज्ञप्तिअनुसार उद्धार उडान खार्तुम बाहिरको एयरफिल्डबाट हुनेछ । खार्तुममा रहेका बेलायती नागरिकलाई नबोलाएसम्म घरभित्रै बस्न तथा एयरफिल्डमा नजान आग्रह गरिएको छ । खार्तुमको स्थिति नाजुक रहेका थोरै समयमा उद्धारका गतिविधि गर्नुपर्ने र त्यसमा छोटो समय मै सूचना प्रवाह गर्नुपर्ने परिस्थिति पनि उत्पन्न हुनसक्ने जनाइएको छ ।

# पाकिस्तानको प्रतिआतंकवाद कार्यालयमा विष्फोट



**इस्लामावाद ।** उत्तरपश्चिम पाकिस्तानको स्वात उपत्यकास्थित प्रतिआङ्कवाद कार्यालयमा विष्फोट हुँदा १२ जनाको मृत्यु भएको छ । विष्फोटमा अधिकांश सुरक्षा अधिकारीले ज्यान गुमाएका छन् । विष्फोटमा परी चालीस जनाभन्दा बढी घाइते भएका छन् भने आसपासका भवनहरू भत्किएका छन् । उक्त विष्फोट बाह्य हमलाका कारण भएको कुनै प्रमाण नभेटिएको र विद्युतीय त्रुटिका कारण दुर्घटना भएको अनुमान सरकारी अधिकारीहरूले गरेका छन् । अफगानिस्तानको छिमेकी खैबर पख्तुनख्वामा प्रान्तीय प्रहरीका प्रवक्ताले गोलाबारुदमा आगलागी हुँदा विष्फोट भएको हुनसक्ने बताएका छन् ।

पाकिस्तानी तालिबान समूहले विगत केही समयदेखि सुरक्षा बलहरूलाई लक्षित गरी धेरै आक्रमण गर्दै आएको छ तर यो विष्फोटको जिम्मेवारी कुनै समूहले लिएको छैन । प्रतिआतङ्कवाद विभागका क्षेत्रीय प्रमुख सोहेल खालिदले पनि कार्यालयमा भएको विष्फोट आतङ्कवादीले गराएको नभई त्यो एक दुर्घटना भएको प्रारम्भिक अनुसन्धानको प्रतिवेदन आफूलाई प्राप्त भएको बताएका छन् । कार्यालयमा राखिएका हातहतियार गोलाबारुदमा लापरवाहीका कारण आगो सल्केर विस्फोट भएको हुनसक्ने उनको अनुमान छ ।

# म्यान्मामा तत्काल हिंसा अन्त्य गर्न पूर्वमहासचिवको आह्वान



**ब्याङ्कक ।** संयुक्त राष्ट्रसङ्घका पूर्वमहासचिव वानकी मुनले म्यान्मामा तत्काल हिंसा अन्त्य गरेका छन् । म्यान्माका उच्च सैनिक अधिकारीहरूसँगको आकष्मिक भेटमा उहाँले हिंसा अन्त्यका निम्ति आह्वान गरेका हुन । पूर्वमहासचिव वानले सोमबार म्यान्माको राजधानी नेपिटोमा सैन्य सरकारका नेता, वरिष्ठ जनरल मिन आङ ह्लिङ र अन्य उच्च अधिकारीसँग भेटवार्ता गरेर हिंसा रोक्न अनुरोध गरे । विश्वभर शान्ति स्थापना तथा मानवअधिकार रक्षाको प्रयासमा जुटेको वरिष्ठ व्यक्तिहरू संलग्न समूहका तर्फबाट उनले सैन्य अधिकारीहरूलाई उक्त अनुरोध गरेको समूहले मंगलबार जारी गरेको विज्ञप्तिमा जनाइएको छ । पूर्वमहासचिव वान उक्त समूहका उपाध्यक्ष छन् । म्यान्माको वर्तमान वस्तुस्थिति बुझ्न पूर्वमहासचिव वान म्यान्मा पुगेका थिए । सोमबार राति नेपिटोबाट ब्याङ्कक उडेका उनले सैन्य त्यहाँ रहँदा उनले सैन्य अधिकारीहरूसँग सेना र प्रजातन्त्र पक्षधरहरूबीचको हिंसा रोक्नुपर्नेमा जोड दिएको विज्ञप्तिमा उल्लेख छ । उनले दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन (आसियान) र संयुक्त राष्ट्रसङ्घले म्यान्मामा शान्ति योजना कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका थिए । सन् २०२१ मा प्रजातन्त्रवादी नेत्री आङ सान सुची नेतृत्वको नागरिक सरकारलाई अपदस्थ गरेपछि सैनिक सरकारविरुद्ध भएका आन्दोलनले हिंसात्मक रुप लिएका छन् । सैन्य सरकारले आन्दोलन दबाउन हवाई हमलालगायत घातक कारबाही गर्दै आएको छ ।

# क्यानडाका बाउन्न प्रतिशत जनता राजतन्त्रको विपक्षमा



**टोरन्टो ।** यही वैशाख २३ गते लण्डनको वेस्टमिनिष्टर गिर्जाघरमा राजा चार्ल्स तृतीयको राज्याभिषेक हुँदैछ तर क्यानडाका अधिकांश जनताले अब देशलाई संवैधानिक राजतन्त्रबाट मुक्त गर्नुपर्ने बेला आएको अभिमत जाहेर गरेका छन् ।

गैरनाफामूलक संस्था एङ्गस रिड इन्स्टिच्युट (एआरआई)ले गरेको एक सर्वेक्षणमा सहभागी ५२ प्रतिशत जनताले देशलाई अब संवैधानिक राजतन्त्र आवश्यक नभएको जवाफ दिएका छन् । बेलायतका राजा क्यानडाका राज्य प्रमुख हुन् भने गभर्नर जनरलले देशमा उनको प्रतिनिधित्व गर्दै आएका छन् ।

विपक्षी समूह ब्लक क्युबेकोइसले यस सम्बन्धमा गत वर्ष अक्टोबरमा हाउस अफ कमन्समा प्रस्तुत गरेको प्रस्तावमा भने २७ प्रतिशतले आगामी पुस्ताका लागि संवैधानिक राजतन्त्र रहनुपर्ने मत जाहेर गरेका थिए । क्यारेबियन मुलुक बार्बाडोसले संवैधानिक राजतन्त्रात्मक देशबाट आफूलाई मुक्त गरिसकेको छ भने बेलिज, बहमास, जमैका, ग्रेनाडा, एन्टिगुवा र बाबुडा, सेन्ट किट्स र नेभिसलगायत राष्ट्रमा पनि राजतन्त्र नचाहिने जनमत रहेको छ ।

एआरआईको सर्वेक्षणअनुसार ४८ प्रतिशतले नयाँ राजा चार्ल्सप्रति सकारात्मक दृष्टिकोण राखेर उहाँलाई राष्ट्रप्रमुखका रुपमा स्वीकार गरेका छ भए पनि क्यानडाको मुद्रामा उहाँको तस्बिर नभए पनि हुने अभिमत जाहेर गरेका छन् । महारानी एलिजाबेथप्रति उनीहरूले स्नेह दर्शाएका छन् । सर्वेक्षणमा सामेल भएका ६३ प्रतिशतले उहाँप्रति सकारात्मक धारण व्यक्त गरे पनि उहाँका उत्तराधिकारी राजा चार्ल्सप्रति त्यस्तै धारणा देखाएका छैनन् । पैतालीस प्रतिशत उत्तरदाताले भने देशले अब संविधान संशोधन गरेर संवैधानिक राजतन्त्रलाई विश्राम दिनुपर्ने बताएका छन् । यद्यपि त्यसो गर्ने प्रक्रिया जटिल एवम् कष्टकर छ ।

# कुवेतले सिंगापुरलाई हरायो



**काठमाडौँ ।** कुवेतले सिङ्गापुरलाई पराजित गर्दै एसिसी मेन्स प्रिमियर कप अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताको सेमिफाइनल पुग्ने सम्भावाना बलियो बनाएको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा मंगलबार भएको समूह 'बी' अन्तर्गतको खेलमा कुवेतले सिङ्गापुरलाईचारविकेटलेपराजित गर्दै सेमिफाइनल खेल्ने सम्भावना बलियो बनाएको हो । जितका लागि सिङ्गापुरले दिएको ११४ रनको सामान्य लक्ष्य कुवेतले २६ दशमलब ३ ओभरमा ६ विकेट गुमाएर पूरा गर्‍यो ।

कुवेतका लागि अदनान इद्रीशले २८ बलमा तीन छक्का र दुई चौका प्रहार गर्दै ३८ रन बनाए । त्यस्तै मित भावसारले ५० बलमा अविजित २७ रन बनाए । यासिन पटेलले २५ बलमा अविजित २१ रन बनाए भने शीराज खानले २० बलमा १० रन बनाए ।

बलिङतर्फ सिङ्गापुरमा अक्षय पुरी र विनोद बसकरनले समान दुई/दुई विकेट लिए भने आदित्य भारगभ र थिलिपानी उमदुराईले समान एक/एक विकेट झारे । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको सिङ्गापुरले ३१ दशमलब ४ ओभरमा सबै विकेट गुमाउँदै ११३ रन बनाएको थियो । सिङ्गापुरका लागि सुरुआती ब्याट्सम्यान अर्मत्य कौलले सर्वाधिक ४५ रन बनाएका थिए । उनले ६० बलमा ४५ रन बनाए । यसैगरी मनप्रित सिंहले ४४ बलमा २८ रन बनाए भने थिलिपन उमरदुराईले १३ रन जोडे । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । कुवेतका लागि कप्तान मोहम्मद अस्लाम एक्लैले पाँच विकेट लिए भने शिराज खानले ३ विकेट झारे ।

कुवेतले तीन खेलबाट चार अङ्क जोडेर अङ्क तालिकाको तेस्रो स्थानमा छ । कुवेत पहिलो खेलमा संयुक्त अरब इमिरेट्स (युएई) सँग पराजित भएको थियो । त्यस्तै दोस्रो खेलमा कुवेतले बहराइनलाई पराजित गरेको थियो । अब बिहीबार हुने समूह चरणको अन्तिम खेलमा हङकङलाई पराजित गरे कुवेत सेमिफाइनलमा पुग्नेछ ।

त्यस्तै यस खेलसँगै सिङ्गापुर भने अङ्कविहीन रहदै प्रतियोगिताबाट बाहिएको छ । समूह 'बी'मा हङकङ तीन खेलमा पाँच अङ्क जोड्दै अङ्क तालिकाको शीर्ष स्थानमा छ भने समान खेल खेलको युएई चार अङ्कका साथ दोस्रो स्थानमा छ । बहराइन तीन अङ्क बटुल्दै अङ्क तालिकाको चौथो स्थानमा छ ।

# राष्ट्रसंघमा रुसको व्यापक आलोचना



**संयुक्त राष्ट्रसङ्घ ।** युक्रेनलाई लिएर राष्ट्रसङ्घमा रुसको व्यापक आलोचना भएको छ । सोमबार भएको सुरक्षा परिषद्को एउटा बैठकमा महासचिव एन्टोनियो गुटरेस र पश्चिमा राष्ट्रहरूले रुसलाई गाली गरेका हुन् ।

मस्कोले युक्रेनमा आक्रमणका साथै उसको भूमि कब्जा गरेर राष्ट्रसङ्घको बडापत्र उल्लङ्घन गरेको आरोप पनि उनीहरूले लगाए । रुसी विदेशमन्त्री सेर्गेइ लाभरोभले आफ्नो देशले गरेको सैन्य कारबाहीको प्रतिरक्षा गर्दै संयुक्त राज्य अमेरिका तथा उसका सहयोगीहरूले तेस्रो विश्वयुद्ध हुननदिन स्थापना गरिएको संयुक्त राष्ट्रसङ्घको जग र विश्वव्यापी कूटनीतिलाई कमजोर बनाएको आरोप लगाए ।

महासचिव गुटरेसले विश्वस्वास्थ्य संस्थाका एक सय ९३ सदस्य मुलुकबीचको सहकार्यमा जोड दिँदै दोस्रो विश्वयुद्धको विभिषिकाका बीच स्थापना भएको संयुक्त राष्ट्रसङ्घ सदस्य देशबीच सहकार्य एवम् हार्दिकता नहुँदा स्थापनाकालदेखि नै ठूलो तनावमा रहेको बताएका छन् । ठूला शक्तिराष्ट्रबीचको तनाव बढ्दा विश्व दुर्घटनातर्फ उन्मुख भएको, त्यसले द्वन्द्वको जोखिम बढाएको महासचिवको कथन थियो । युक्रेन युद्धतर्फ सङ्केत गर्दै उनले विश्व संस्था नै तनावमा रहेको बताएका हुन ।

बैठकमा महासचिव गुटरेस, अमेरिका, बेलायत, फ्रान्स र उनीहरूका सहयोगी देशका राजदूतहरूले सबै राष्ट्रलाई सार्वभौमसत्ता, क्षेत्रीय अखण्डता, र प्रत्येक राष्ट्रको राजनीतिक स्वतन्त्रलाई समर्थन गर्न आवश्यक भएको बताउँदै राष्ट्रसङ्घको बडापत्रका अन्तरनिहित सिद्धान्तलाई औल्याएका थिए ।

# 'नेपाल भारत सहयोग मंच साझा धरोहर'




**मधेशदृष्टि**
**वीरगंज, १२ वैशाख ।**
वीरगंज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष एवम् वरिष्ठ उद्योगपति बाबुलाल अग्रवालले नेपाल भारत सहयोग मंच यस क्षेत्रका लागि एउटा साझा धरोहरका रुपमा रहेको बताएका छन् ।

नेपाल भारत सहयोग मंचको साधारणसभामा अग्रवालले नेपाल भारत सांस्कृतिक, सामाजिक र राजनीतिक सम्बन्ध बलियो बनाउनेतर्फ मंचले निर्वाह गरेको भूमिका अत्यन्तै प्रशंसनीय रहेको बताए । उनले नेपालको सिमाञ्चल क्षेत्रमा अवस्थित वीरगंजमा रहेको मंचको भूमिका र कार्यभार अत्यन्तै गहन रहेको बताउँदै आगामी दिनमा मंचले आफ्ना संस्थागत भूमिकालाई अझै फराकिलो र बिस्तार गर्नु पर्ने बताए । मंचका अध्यक्ष अशोक कुमार वैद्यले मंच नेपाल भारतबीच विद्यमान जनस्तरको सम्बन्धलाई ब्यापक र प्रगाढ बनाउने दिशामा निरन्तर क्रियाशील रहने धारणा व्यक्त गरे । उनले मंचको क्रियाकलाप र गतिविधि समयसापेक्ष विस्तार गर्ने क्रममा स्थानीयस्तरमा गोष्ठी, अन्तरक्रिया तथा राष्ट्रिय, सामाजिक मुद्दाबारे मञ्चले संस्थागत धारणा अभिव्यक्त गर्दै आएको बताए । वीरगंज उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य डा.सुबोध कुमार गुप्ताले मंचका कार्यहरु अत्यन्तै प्रशंसनीय मात्र नभई अन्य संस्थाका लागि अनुकरणीयसमेत रहेको बताउँदै नेपाल भारतबीच व्यावसायिक, आर्थिक, सांस्कृतिक सम्बन्धलाई नयाँ कोणबाट विश्लेषण गर्दै थप उचाइमा पुऱ्याउनु पर्नेमा जोड दिए । नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोककुमार टेमानीले मंचको वार्षिक साधारण सभा औपचारिक र नियमित प्रक्रिया भए पनि यसको अन्तर्निहित महत्व अत्यन्तै ठूलो रहेको बताए । उनले मंचको भूमिका दुई देशबीच व्यावसायिक सम्बन्ध बिस्तारका साथै विभिन्न व्यावसायिक, नागरिकस्तरमा आइपर्ने अवरोध निराकरणमा समेत संस्थाले भूमिका देखाउनु पर्नेमा जोड दिँदै दुई देशको आर्थिक उन्नयनका लागि सीमावर्ती क्षेत्रमा साझा सहकार्यको औचित्य बढेर गएको बताए । कार्यक्रममा राष्ट्रपतिद्वारा सुप्रबल जनसेवाश्री पदक पाएका मंचका अध्यक्ष वैद्य, सचिव डा.सुबोधकुमार गुप्ता, रुंगटा वेलफेयर सोसाइटीका अध्यक्ष तथा वरिष्ठ उद्योपति मुर्लीधर रुंगटा र मंचकी सदस्य शमीकुमारी अग्रवाललाई सम्मानित गरिएको थियो । कार्यक्रममा मधेश विश्वविद्यालयका उपकुलपति डा.दीपक शाक्य, वीरगंज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष गोपाल केडिया, रमेश अग्रवाल, मधु राणालगायतले मन्तव्य दिँदै नेपाल भारत सम्बन्धमा नयाँ आयाम थप्ने विषयमा बोलेका थिए । मंचका महासचिव बालमुकुन्द खरेलले कार्यक्रमको सहजीकरण गरेका थिए ।

# जग्गा किन्ने बनेर पुगेँ, बदमासी पर्दाफास गरेँ

*शशिकान्त ठाकुर*
*अवकाश प्राप्त वन कर्मचारी*



वन कर्मचारीकै मिलेमतोमा पर्सा मनवा सखुनिया वन क्षेत्रको ६० हेक्टर वन अतिक्रमणमा परेको रहस्य खुलासा भएको छ । अतिक्रमणमा परेका वन क्षेत्र संरक्षण तथा वृक्षारोपण गरी स्तरोन्नतिसहित अतिक्रमणमुक्त गराउने नाममा मधेश प्रदेश सरकारले समेत करिब ६५ लाख रुपैयाँ लगानी गरिसकेको छ ।

प्रदेश सरकारबाट निकासा भएको रकम वन डिभिजन कार्यालय पर्साका प्रमुखद्वारा विभिन्न कर्मचारीमार्फत अनियमितता भएको वनक्षेत्रको वर्तमान अवस्था र खर्च कागजातले पुष्टि गर्छ । अतिक्रमण भनिएको वनक्षेत्रको जग्गा वन कार्यालय पर्साकै कर्मचारीबाट बिक्री वितरण भएको हो । अतिक्रमणकारी भनिएकाहरुले एकलाख देखि चारलाख रुपैयाँ वन कर्मचारीलाई तिरेर सुकुम्बासी बसोबासको कागजको आधारमा बस्दै आएका हुन् ।

वन अतिक्रमण होइन कर्मचारीहरुद्वारा बिक्री गरिएको र वन क्षेत्र संरक्षणका नाममा प्रदेश सरकारको रकमसमेत अनियमितता भइरहेकोबारे स्थानीय कसैले आवाज उठाउन नसकेपछि छिमेकी जिल्ला रौतहटका अवकाश प्राप्त कर्मचारी सहायक वन अधिकृत शशिकान्त ठाकुरले अतिक्रमण रोकाउन सफल भएका छन् । ठाकुरले वन क्षेत्रको जग्गा अतिक्रमण र अनियमितताबारे सर्वोच्च अदालतमा रिट दायर गरी त्यसमा संलग्न विभिन्न निकाय र कर्मचारीसहित १२ जनाविरुद्ध अन्तरिम आदेश गराउन सफल भएका छन् । सम्बन्धित जिल्लाका कुनै मान्छेले आवाज उठाउन नसक्दा अदालतसम्म पुग्नु परेकोबारे रिट निवेदक ठाकुरले **मधेशदृष्टि**का **एसके कर्ण**सँग कुराकानी गरेका छन् ।

**ठाकुरजी, मनवा सखुनिया वन क्षेत्रको वर्तमान अवस्था कस्तो छ ?**
मनवा सखुनिया वन क्षेत्रको ६० हेक्टर अर्थात ९० बिघा जग्गा सबै अतिक्रमण होइन वन कर्मचारीकै मिलोमतोमा बिक्री वितरण भएको छ । वन क्षेत्रलाई संरक्षण गर्न दुई वर्षअघि गरिएको तारबार घेरा बाहिरबाट त छ ।

तर भित्र कच्चीदेखि पक्कीसम्मका दुई दर्जनभन्दा बढी घर बनिसककेको छ । सुकुम्बासी बसोबासी भनेर कागज पाएर घर बनाएका र नबनाएकाले समेतले सिलाखुट्टा गाडेर जग्गा छुटयाई खेतीपाती गर्दै आएका छन् ।

**वन कर्मचारीले नै जग्गा बिक्रीवितरण गरेको हो भन्ने आधार के छ तपाईंसँग ?**
मसँग प्रशस्त आधार छ । सेवाकालमै रहेको अवस्थामा तारबार गरिएको थियो । पछि अवकाश प्राप्तपछि हेर्दा त त्यहाँ दुई दर्जन बढी घर बनिसकेको देखेँ । नजिकै मनुवा सखुनिया वन कार्यालय छ । त्यहाँ संरक्षणका लागि कर्मचारी पनि खटाइएको छ, यस्तो अवस्थामा ती जग्गा अतिक्रमण कसरी भयो भन्नेबारे बुझ्दा अतिक्रमण नभई सुकुम्बासी बसोबासको कागजात पाएर बसोबास गरिरहेको थाहा पाएँ ।

अब तपाईंले भनेअनुसार प्रमाणको आधार, म आफैँ घटनाबारे बुझ्न एक जना मकवानपुरका व्यक्तिलाई लिएर जग्गा किन्छु भनेर गएँ । त्यहाँ जाँदा वन कर्मचारीलाई घडेरी र खेतीको वर्गीकरणको हिसाबले एकलाखदेखि चारलाख प्रतिकठ्ठाका दरले किन्न सकिने थाहा पाएँ । त्यहाँ मकवानपुर र सिन्धुलीलगायतका जिल्लाका अधिकांश व्यक्ति बसोबास गर्दै आएका छन् । यदि तिनीहरु अतिक्रमणकारी हो भने वन कार्यालयबाट विद्युत् पोल र मिटर जडानका लागि सुकुम्बासी बसोबासी भनेर वन कार्यालयबाटै कागजात विद्युत् प्राधिकरण कार्यालयसम्म पुगेको प्रत्यक्ष प्रमाण पनि छ ।

**प्रदेश सरकारले निकासा गरेको रकम अनियमितता भन्ने केही आधार छ ?**
मसँग मात्रै होइन, सम्बन्धित कार्यालयमा पनि छानबिन गर्दा प्रशस्तै आधार भेटिन्छ । घर बनिसकेको, खेतीपाती भइरहेका जग्गामा वृक्षारोपणका नाममा गत आर्थिक वर्षमै मात्रै करिब ५५ लाख र २०७७ सालमा १० लाख गरी ६५ लाख रुपैयाँ प्रदेश सरकारबाट डिभिजन वन कार्यालय पर्साले वन क्षेत्र संरक्षणको नाममा निकासा गराएको छ ।

र, त्यो रकम कार्यालयले अधिकृत रेयाज अहमद अन्सारीका नाममा २५ लाख, रेन्जर राजकिशोर प्रसाद उपाध्यायको नाममा २१ लाख ५ हजार र रेन्जर कपिलदेव प्रसाद यादवको नाममा १० लाख रुपैयाँ कार्यक्रम सञ्चालन गर्न जिम्मेवारीसहित रकम पठाएको पत्र नै छ । संरक्षणका नाममा कर्मचारी पनि खटाइएकाले अहिले वन क्षेत्रको अवस्था हेर्दा प्रष्टै बुझ्न सकिन्छ, वृक्षारोपण भएको हो कि होइन । यदि वृक्षारोपण गरियो भने ती बिरुवा कहाँ छ ? नष्ट भएको विवरण पनि कार्यालयसँग छैन । यस्तो अवस्थामा रकम त अनियमितता नै भएको हो ।

## मधेशदृष्टि संवार्ता

**सम्बन्धित जिल्लाका कसैले अघि नबढेर तपाईं नै अघि बढ्नुको कारण के हो ?**
मेरो कुनै व्यक्ति वा कर्मचारीसँग व्यक्तिगत रिसिवी छैन । तर त्यसक्षेत्रमा वन कर्मचारी रहेका बेला काम गरेको थिएँ । वन कर्मचारी भएको नाताले वन क्षेत्रसँग माया रहेकाले वनको जग्गा अतिक्रमणको नाममा बिक्री भएको देखेर अन्तरआत्माले लागेको हुँ ।

**अरु क्षेत्रमा पनि त अतिक्रमण छ, सखुनियामै लाग्नुपर्ने कारण के हो ?**
अघि नै मैले भनिसकेको छु, कारण केही छैन, वन क्षेत्रको जग्गा जोगाउन सामाजिक कार्यमा अघि बढेको हुँ । मैले आफ्नो कार्यकालमा कारबाही गरेका वन तस्कर अरुण तिवारी अहिले मनुवा कार्यालयको भान्छेको रुपमा कार्य गरिरहेका छन् । जग्गा बिक्रीवितरणमा उनको पनि भूमिका रहेको घटना बुझ्दै थाहा पाएँ ।

**सम्बन्धित निकायलाई ध्यानाकर्षण नगराई सोझै अदालत जानु भयो नि ?**
सम्बन्धित निकाय वन डिभिजन कार्यालय पर्साका वर्तमान प्रमुख सुभाषचन्द्र दास कहाँ कार्यालयमै गएर मौखिक र लिखित रुपमा सखुनिया वन क्षेत्रको अतिक्रमण रोक्न आग्रह गरेँ । तर उनले आफ्नो कार्यकाल भन्दा अगावैदेखि अतिक्रमण रहेकाले यसमा केही गर्न नसक्ने जवाफ दिएर फर्काइदिए । त्यसपछि उद्योग, पर्यटन तथा वन राज्यमन्त्री रहबर अन्सारीलाई समेत मन्त्रालयमै गएर घटनाबारे जानकारी गराएँ । उहाँ प्रतिबद्धतामै सीमित भएपछि सम्बन्धित निकायले केही गर्न नसक्ने भन्ने सोचेर सर्वोच्च अदालत पुगेँ ।

**तपाईंको पेन्सनपट्टा रोकिएपछि त्यस्तो कदम उठाएको पनि चर्चामा छ नि ?**
हो, तपाईंले भनेको कुरामा केही सत्यता छ, पूर्ण सहमत छैन । मेरो पेन्सनपट्टा रोकिएकोबारे अदालतमा छुट्टै रिट दायर गरेको छु । त्यसमा अग्राधिकारको आदेश पनि आइसकेको छ, त्यसको तारिख पनि लिइरहेको छु । यो रिटमा म आफ्नो परिचय झल्काउने क्रममा केही अंश उल्लेख गरेको छु ।

**किन रोकिएको थियो, तपाईंको पेन्सनपट्टाको सिफारिस ?**
बारामा मेरो नाममा बेरुजु रहेको भनी सुरुमा सिफारिस गरिएन । मैले बेरुजु फछ्यौंट गर्ने भनेपछि छानबिन समिति गठन गरेर आएको प्रतिवेदनका आधारमा गर्ने भनी अहिलेसम्म रोकेर राखिएको छ । रोक्नु पर्ने कारण के थियो भने आफू विनोद कुमार डिएफओको पालामा २०७५ सालमा ७ हजार १ सय १६ फिट काठ तस्करबाट बरामद भएको थियो । तर त्यसको रजिष्टर चेन्ज गरी ४ हजार ६ सय ८० फिट बनाएर बाँकी काठ बिक्री गरिहाले । त्यसमा संलग्न कर्मचारीको नाममा निवेदन दिएर आफूले कारबाही गराएको थिएँ । काठ कार्यालयसम्म ल्याउन एक लाख ६५ हजार रुपैयाँसमेत उपलब्ध गराइएन । पछि विभिन्न सञ्चारमाध्यममा समाचार आएपछि तिनीहरु कारबाहीमा परे । त्यही रिसिवीले विशाल घिमिरेले सिफारिस रोके ।

छानबिन समिति समेतले मन्त्रालयमा मेरै पक्षमा ठाकुरले कुनै अनियमितता नगरेको कागजातसमेत पेश गरिसकेको छु । तर यही कार्यालयबाट रोक्न लगाएपछि सर्वोच्चमा समेत पुगेको छु ।

# पार्किङ व्यवस्थापन आरम्भ



**मधेशदृष्टि**
**वीरगंज, १२ वैशाख ।**
वीरगंजको आदर्शनगरस्थित लोहारपट्टी चोकदेखि मकालु होटल चोकसम्मको मुल सडकमा मंगलबारबाट पहिलो चरणमा पार्किङ निषेध गरिएको छ ।

महानगरले पार्किङ थप व्यवस्थित बनाउँदै सडक फराकिलो बनाउने उद्देश्यले पहिलो चरणमा मंगलबारदेखि लागू हुनेगरी यस क्षेत्रमा दुई र चार पांग्रे सवारीसाधनको पार्किङ निषेध गरिएको वीरगंज महानगरपालिकाका ट्राफिक व्यवस्थापन, वृक्षारोपण तथा सरसफाइ समितिका संयोजक जयप्रकाश खेतानले जानकारी दिए । आदर्शनगरको लोहारपट्टि चोकदेखि मकालु होटल चोकसम्म पार्किङ हुँदै आएका सवारीसाधनलाई हजारीमल धर्मशाला ट्रस्टको खाली जग्गामा पार्किङ गर्न लगाइएको छ । मंगलबार बिहान ग्रिनसिटी सामुदायिक सेवा केन्द्रका अध्यक्षसमेत रहेका खेतानको सभापतित्वमा वीरगंज महानगरपालिकाका, नेपाल प्रहरी, ट्राफिक प्रहरी, नगर प्रहरीलगायत विभिन्न सरोकारवाला निकायका प्रतिनिधिको उपस्थितिमा सम्पन्न बैठकले यस क्षेत्रमा पार्किङ निषेधको निर्णय गरेलगत्तै मेनरोडको बायाँपट्टि पार्किङ गरेका सवारी साधनलाई हजारीमल धर्मशालाको खाली जग्गामा पार्किङ गर्न लगाइएको जिल्ला ट्राफिक प्रहरी पर्साका प्रमुख एवम् प्रहरी निरीक्षक मनिराम थापाले जानकारी दिए । त्यस क्षेत्रको ट्राफिक व्यवस्थापन ठीक भएपछि दोस्रो चरणमा आदर्शनगरदेखि माइस्थानसम्मको सडकको बायाँ पट्टि पार्किङ्ग गर्ने सवारी साधनलाई समेत निश्चित स्थान तोकेर पार्किङको व्यवस्था मिलाइने ग्रिनसिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष खेतानले बताए । बैठकमा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायव उपरीक्षक निर्मल बुढाथोकी, वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरीक्षक विदुरप्रसाद शिवाकोटी, वीरगंज महानगरपालिका सरसफाइ शाखा प्रमुख सर्फुदीन मियाँ, यातायात शाखाका प्रमुख विजयकुमार गुप्ता, नेपाली युवा उद्यमी मञ्चका राहुल साह, कैलाश बजाज, चन्द्र अग्रवाल, सुशील कादमिया, रतन टेमानी लगायतको सहभागिता थियो ।

# टाटा सुमोमै लागूऔषध तस्करी



**मधेशदृष्टि**
**वीरगंज, १२ वैशाख ।**
ठूलो परिणाममा रहेको अवैध लागूऔषधसहित प्रहरीले वीरगंजबाट एकजनालाई पक्राउ गरेको छ ।

वडा प्रहरी कार्यालय श्रीपुरबाट प्रहरी निरीक्षक आशुतोष बहादुर शाहीको कमान्डमा खटिएको प्रहरी टोलीले बाइपास सडक खण्डबाट ठूलो परिणाममा भारतको रक्सौलबाट ल्याइएको ४ हजार २ सय थान अवैध लागूऔषधसहित ना १ ज २०३७ नम्बरको टाटा सुमो नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी दिपक गिरीले जानकारी दिए । प्रहरीले गाडीका चालक वीरगंज महानगरपालिका वडा नम्बर १६ का २५ वर्षीय बब्लु पाठकलाई समेत नियन्त्रणमा लिएको छ । विशेष सुराकीका आधारमा सोमबार राति ११ बजे गाडी चेकजाँच गर्दा गाडीको इन्जिनमाथिको बर्नटको दुवैपट्टिको भागमा कालो प्लाष्टिकमा १४ पोका बनाइ लुकाइछिपाइ राखेको अवस्थामा प्रतिबन्धित लागूऔषध फेनारगन १ हजार ४ सय एम्पुल, डाइजेल्याब १ हजार ४ सय एम्पुल र नुरफिन १ हजार ४ सय एम्पुल गरी जम्मा ४ हजार २ सय एम्पुल बरामद गरिएको गिरीले बताए । बरामद लागूऔषध गाडीसहित चालक पाठकलाई नियन्त्रणमा लिइ अवैध लागूऔषधसम्बन्धी कसुरमा मंगलबार पर्सा जिल्ला अदालतबाट ७ दिन म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको प्रहरी प्रवक्ता एवम् डिएसपी गिरीले बताए ।

# राजनीतिक सहभागितामा संगठित हुन जरुरी



**मधेशदृष्टि**
**वीरगंज, १२ वैशाख ।**
भाजपाका वरिष्ठ नेता तथा पूर्व विधायक पार्षद लालबाबु प्रसादले समाज संगठित भए मात्रै उचित राजनीतिक सहभागिता पाइने बताएका छन् ।

दानवीर भामाशाहको जन्मजयन्तीमा मधुबनीको नरहियामा प्रसादले बिहारमा हाम्रो जनसंख्या ८ प्रतिशत मात्र रहेको बताए । उनले हामीभन्दा मल्लाह (निषाद)को जनसंख्या कम भएको बताए ।

उनले मल्लाहको आफ्नै पार्टी र एकता भएको बताउँदै जुनसुकै दलमा बाँधिए पनि मजदुर नै रहने बताए । उनले एउटा रोटी कम खाएर पनि बालबालिकालाई सिकाउनुपर्छ भन्ने अभियान चलाएर पिछडिएको वर्गलाई उठाउनु पर्ने बताए । कार्यक्रममा पूर्वविधानसभा सदस्य सुमनकुमार महासेठले अकबरको महाराणा प्रतापको बमोजिम भामा शाहले स्वीकार नगरेको भन्दै आफ्नो सबै सम्पत्ति दान गरेको बताए ।

भाजपा झंझारपुरका जिल्ला अध्यक्ष ऋषिकेश राघवले आगामी दिनमा तेली समाजको जिल्ला सम्मेलन गरिने बताए । उनले नरहियामा भामाशाहको शालिक आफ्नै खर्चमा स्थापना गर्ने मञ्च घोषणा गरे । प्रमोद प्रियदर्शीको अध्यक्षतामा भएको कार्यक्रममा नरेश साह, मुकेशकुमार नन्दन, सुभाष घाटे, शिवकुमार प्रसाद, अधिवक्ता कृष्णदेव प्रसाद, राजेशकुमार साह, भूपाल भारतीलगायतको सहभागिता थियो । कार्यक्रममा गाउँबाट ठूलो संख्यामा मानिस आएका थिए ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.–२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन